सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३० चैत २०८०, शुक्रबार (12 April 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३५४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

दरबारमार्ग र ठमेल अब २४सै घण्टा खुला



फाइल तस्बिर

तीन सिफ्टमा खटिनेछन् प्रहरी

काठमाडौं प्रहरीले ठमेल तथा दरबारमार्गमा तीन सिफ्टमा प्रहरी खटाउने तयारी गरेको छ। हाल दुई सिफ्टमा खटाउँदै आएको छ। 'कतै समस्या भएमा तत्काल प्रहरी पुग्ने गरी सुरक्षा योजना बनाएका छौं,' काठमाडौंका एसएसपी भूपेन्द्र खत्रीले भने, 'मोटरसाइकल क्वुआरटी (क्विट रेस्पोन्स टिम) लाई चोक-चोकमा खटाउँछौं।' दरबारमार्ग र ठमेलमा हाल खटाइएकाबाहेक करिब एक सय प्रहरी थप्ने तयारी भइरहेको छ।

नयाँ पत्रिका

देशको केन्द्रीय राजधानी काठमाडौंको पनि पर्यटकीय केन्द्र ठमेल र दरबारमार्ग वर्षौंपछिको चर्चापछि अब २४सै घण्टा खुल्ने भएका छन्। गृह मन्त्रालयको निर्णयअनुसार यी क्षेत्र नयाँ वर्षदेखि २४सै घण्टा व्यवसाय गर्न खुला गरिएको हो।

यसका लागि जिल्ला सुरक्षा समिति, काठमाडौंको बैठकले मापदण्ड र सुरक्षा योजना तयार गरेको छ।

» पृष्ठ २ मा क्रमशः

के-के छन् मापदण्ड ?

रातभरि व्यवसाय सञ्चालन गर्नेले निजी सुरक्षागार्ड, सिसिक्यामेरा र बत्तीको अनिवार्य व्यवस्था गर्नुपर्नेछ। साथै, बार तथा डिस्कोहरूले अनिवार्य साउन्डप्रुफ गर्नुपर्ने मापदण्ड छ। यी मापदण्ड कार्यान्वयनका लागि अनुगमन समिति बन्ने भएको छ। समितिमा व्यवसायीका प्रतिनिधिसमेत हुनेछन्। मापदण्ड पूरा नगर्नेले रातभर व्यवसाय सञ्चालन गर्न पाउनेछैनन्। ठमेलको कोर क्षेत्रमा व्यवसाय चलाउन दिने तयारी छ। केशरमहल चोक, सोह्रखुट्टे, क्षेत्रपाटी चोक तथा ठैटी चोकभित्रको क्षेत्रमा २४सै घण्टा व्यवसाय सञ्चालन गर्न दिने निर्णय भएको छ।

आवास क्षेत्रमा भने बेलुका १० बजेदेखि बिहान ६ बजेसम्म अपरिचित व्यक्तिलाई प्रवेश रोक्ने सहमति भएको छ। खासगरी भगवान बहाल क्षेत्रका बासिन्दाले रात्रिकालीन व्यवसायले आफूहरूलाई असर गरेको बताउँदै आएका छन्। आवास क्षेत्रलाई असर नगर्ने गरी ध्वनि प्रदूषण नियन्त्रण गरी व्यवसाय सञ्चालन गर्न पाइने मापदण्ड बनेको छ। दरबारमार्गको भने मुख्य सडक क्षेत्र मात्र खुलाउने तयारी छ। पछि पूर्वाधारको काम भएपछि क्षेत्र थप्न सकिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

यसअघि प्रहरीले साना पसललाई १० बजे, रेस्टुरेन्टलाई १२ बजे, लाउन्जलाई २ बजे र डिस्को तथा क्लबलाई ४ बजेसम्म सञ्चालन गर्न दिने समयसीमा तोकेको थियो।

■ संघीयता कार्यान्वयनका लागि एक सय १७ ऐन बनाउन बाँकी

पहिलो चरणका २० ऐनको विधेयक तयार, २४ संसद्मा विचाराधीन

■ कानुनमन्त्री पदम गिरी भन्छन्- मस्यौदा तयार भइसकेका विधेयक छिटो सदनमा लैजाने गृहकार्य भइरहेको छ



अझै पनि यो अधिवेशनको केही समय बाँकी छ, यो समयमा धेरैभन्दा धेरै विधेयक सदनमा दर्ता होस्, समितिमा छलफलमा जाओस्, समितिमा भएका विधेयक छलफल टुंग्याएर छिटो ऐनको रूपमा आउने स्थिति बनोस् भन्ने पक्षमा छौं, त्यसका निम्ति मिहिनेत गरिरहेका छौं। मस्यौदा तयार भइसकेका विधेयक छिटोभन्दा छिटो सदनमा लैजाने गरी गृहकार्य भइरहेको छ।

कमलराज भट्ट / नयाँ पत्रिका

संघीयता कार्यान्वयनसम्बन्धी अध्ययनले ११७ वटा ऐन बनाउनुपर्ने पहिचान गरेकोमा सरकारले तीन चरणको प्राथमिकता दिएर पहिलोमा ६३, दोस्रोमा ३९ र तेस्रो चरणमा १५ विधेयक मस्यौदा गरी संसद्मा दर्ता गर्ने योजना बनाएको छ। जसमध्ये पहिलो प्राथमिकताअन्तर्गत ११ मन्त्रालयले तयार पारेका २१ ऐनको मस्यौदामा २० वटा मन्त्रिपरिषद्बाट पारित हुने चरणमा पुगेका छन्। त्यस्तै, २४ विधेयक संघीय संसद्मा विचाराधीन छन्।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका अनुसार २० विधेयकको मस्यौदा तयार भई मन्त्रिपरिषद्का

» पृष्ठ २ मा क्रमशः



तर्जुमा चरणमा ८ विधेयक

८ विधेयक कानुन मन्त्रालयमा तर्जुमा सहमतिको क्रममा छन्। कानुन मन्त्रालयका सहसचिव मानबहादुर अर्यालका अनुसार रक्षा मन्त्रालयबाट प्रस्तावित राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न बनेको विधेयक, सञ्चारबाट प्रस्तावित सामाजिक सञ्जालको सञ्चालन, व्यवस्थापन तथा नियमन गर्न बनेको विधेयक, कृषिबाट प्रस्तावित संक्रामक पशुरोग नियन्त्रण गर्न बनेको विधेयक र कृषि विधेयक तर्जुमा सहमतिको चरणमा छन्। त्यस्तै, उद्योग मन्त्रालयले प्रस्ताव गरेको लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक कानुन मन्त्रालयमा तर्जुमा सहमतिको चरणमा छ। यसबाहेक कानुन मन्त्रालयमा महिला मन्त्रालयबाट प्रस्तावित मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण पहिलो संशोधन विधेयक, श्रमबाट प्रस्तावित बाध्यकारी श्रमसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र गृहबाट प्रस्तावित नेपाल प्रहरी र प्रहरी (कार्य सञ्चालन र समन्वय) ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक तर्जुमा सहमतिको चरणमा छन्। १६ चैतमा बसेको राष्ट्रिय सभा बैठकमा प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय सभाको संघीयता कार्यान्वयनसम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन, २०८० र विधायन व्यवस्थापन समितिको संविधानबमोजिम बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० को सुझावबमोजिम ११७ ऐनहरू पहिचान गरिएकामा प्राथमिकताक्रम निर्धारण गरी विधेयक तर्जुमासम्बन्धी काम अगाडि बढाएको बताएका थिए।

तीन अधिवेशनबाट चार विधेयक मात्र पारित

● **यस्ता छन् विचाराधीन २४ विधेयक**

संसद्ले बितेका तीन अधिवेशनमा चार विधेयक मात्रै पारित गरेको छ। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार मिटरब्याजसम्बन्धी संशोधन विधेयक, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, अनुगमन तथा मूल्यांकन विधेयक र खाद्य स्वच्छता तथा गुणस्तर विधेयक मात्रै पारित गरेको हो।

प्रतिनिधिसभामा २३ र राष्ट्रिय सभामा एउटा गरी २४ विधेयक विचाराधीन छन्। प्रतिनिधिसभामा विचाराधीन रहेकामा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, सुरक्षण मुद्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सार्वजनिक सेवा प्रसारण विधेयक, नेपाल विश्वविद्यालय विधेयक, विद्यालय शिक्षा विधेयक छन्। त्यस्तै, भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक र संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी संशोधन विधेयक, अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक र विद्युत् विधेयक पनि प्रतिनिधिसभामा छन्।

राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) विधेयक, औषधि तथा स्वास्थ्य सामग्री (नियमन तथा नियन्त्रण) विधेयक (गैरसरकारी), विद्युतीय व्यापार विधेयक, बैंकिङ कसुर तथा सजाय विधेयक, भन्सार विधेयक, निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, राष्ट्रिय मर्यादासम्बन्धी विधेयक (गैरसरकारी), संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, विधायन व्यवस्थापनसम्बन्धी विधेयक र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक प्रतिनिधिसभामा विचाराधीन छन्। राष्ट्रिय सभातर्फ विधायन व्यवस्थापन समितिमा सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक दफावार छलफलको क्रममा छ।



भिजिट भिसामा विदेश जानेको लहर, दैनिक उड्छन् १७ सय



काठमाडौं / नयाँ कार्यविधि कार्यान्वयनमा आएपछि भिजिट भिसामा विदेश जानेको संख्या बढेको छ। अध्यागमन विभागको तथ्यांकअनुसार औसतमा दैनिक एक हजार सात सय नागरिक विभिन्न देश उड्ने गरेका छन्।

गत मार्चमा ५२ हजार दुई सय ३२ र फेब्रुअरीमा ५२ हजार नौ सय २१ जना भिजिट भिसामा विदेश गएको तथ्यांक छ। त्यसअघि जनवरीमा ४६ हजार सात सय ४१, डिसेम्बरमा ५२ हजार चार सय ९५ र नोभेम्बरमा ४७ जार ६० जना गएका थिए। १० माघदेखि गृह मन्त्रालयले भिजिट भिसामा विदेश जानेलाई सरल बनाउँदै नयाँ ६ बुँदे कार्यविधि लागू गरेको थियो। त्यसयता खासगरी खाडी देश जाने बढेका छन्।

नयाँ कार्यविधिअनुसार दुईतर्फी हवाई टिकट, होटेल बुकिङ, पाँच सय अमेरिकी डलर तथा खाडीका युएई, बहराइन, कुवेत, कतार, ओमान र साउदी अरेबियाका लागि भने स्वघोषणासमेत गर्नुपर्ने प्रावधान छ। विगतमा १७बुँदे मापदण्डमा १२ कक्षासम्म अध्ययन गरेकोलगायतका प्रावधान थिए। सोही मापदण्डका आधारमा अध्यागमनका कर्मचारीले सेटिङ चलाएको खुलेपछि प्रहरीले दुई महिनाअघि अध्यागमन अधिकृत नरवीर खड्कासहित नौ अधिकृतविरुद्ध मुद्दा चलाएको थियो। सोही घटनापछि गृहले भिजिट भिसालाई

» पृष्ठ २ मा क्रमशः



ओलाङचुङगोला पुग्यो गाडी

ओलाङचुङगोलाबाट चीनको तिब्बत स्वशासित क्षेत्र जोड्ने तिप्ताला भञ्ज्याङ २४ किलोमिटर मात्र, सडक यसअघि नै निर्माण

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

चीन जोड्ने सुदूरपूर्व ताप्लेजुङको फत्ताङलुङ गाउँपालिका- ७, ओलाङचुङगोलामा गाडी पुगेको छ। तीन हजार दुई सय मिटर उचाइको यो बस्तीमा पहिलोपटक मंगलबार जिल्ला सदरमुकाम फुङलिङबाट केही जिप र ट्याक्सीहरू पुगेका हुन्।



एमाले अध्यक्ष ओलीसहितका नेता पनि पुगेर मनाए खुसियाली

सडक ट्याक छिचोलिएसँगै गाडी पुगेको दुई दिनपछि बिहीबार एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी ओली, उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ, रक्षामन्त्री हरिप्रसाद उप्रेती, एमाले सचिव तथा सांसद योगेश भट्टराईसहितका नेता ओलाङचुङगोला पुगेर खुसियाली साटेका छन्। भारतको सिमाना विराटनगरको रानी भन्सारबाट

» पृष्ठ २ मा क्रमशः



ताप्लेजुङको फत्ताङलुङ गाउँपालिका- ७ स्थित ओलाङचुङगोला। तस्बिर : बालकोट फेसबुक पेज

तमोर करिडोरमा बाह्रै महिना सवारी चलाउन मिल्ने गरी तीन वर्षभित्र स्तरोन्नति : उपप्रधानमन्त्री महासेठ



उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठले ०८१/८२ को बजेटमार्फत तीन वर्षभित्र तमोर करिडोरको तिप्ताला भञ्ज्याङसम्मको सडकखण्ड स्तरोन्नति गर्ने बताए। उनले बाह्रै महिना सवारी चलाउन मिल्ने गरी स्तरोन्नति गर्ने प्रतिबद्धता जनाए। 'कति बजेट आवश्यक छ, त्यसअनुसार बजेट विनियोजन गरी तीन वर्षभित्रमा करिडोरको काम पूरा हुनेछ। हामी अगाडि बढाउँछौं,' महासेठले भने, 'तमोर करिडोर त्रिदेशीय (नेपाल, भारत र चीन जोड्ने) सबैभन्दा छोटो मार्ग भएकाले यसलाई राष्ट्रिय गौरवको योजनामा समावेश गरी काम अगाडि बढाउँछौं।'

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

ओलाङचुङगोला...

पृष्ठ १ बाट क्रमशः

चीनसँग सिमाना जोडिएको सबैभन्दा छोटो उत्तर-दक्षिण (मूलघाट-दोभान-ओलाङचुङगोला) सडक यही हो। ओलाङचुङगोलाबाट चीनको तिब्बत स्वशासित क्षेत्र जोड्ने तिप्ताला भञ्ज्याङ २४ किलोमिटर मात्र उत्तरमा छ। स्थानीय बासिन्दाको पहलमा गोलाबाट तिप्ताला सीमासम्म यसअघि नै सडक निर्माण भइसकेको छ।

एमाले अध्यक्ष ओलीले भारत र चीनसँग जोड्ने नेपालकै सबैभन्दा छोटो तमोर करिडोरको तिप्ताला भञ्ज्याङसम्म पुग्ने इच्छा गरेका थिए। तर, प्रतिकूल मौसमका कारण हेलिकोप्टर जान नसकेपछि उनी पुग्न सकेनन्। नेपालको समृद्धिसँग जोडिएको हिमाली नाका ओलाङचुङगोलाका स्थानीयसँग ओलीले अन्तर्क्रिया पनि गरे। उनले स्थानीयसँग स्थानीय समस्या तथा सम्भावनाका विषयमा संवाद गरे।

सडक निर्माण कम्पनी एलाइट जेभीका साइट इन्चार्ज राजीव लामिछानेले बाटो सफा गर्ने, ग्रेडिङ मिलाउने कार्य सकिएपछि गोलासम्म फोरह्विल जिप तथा ट्याक्सी सदरमुकाम फुङलिङबाट गोला पुगेको बताए। एलाइट जेभीले फुङलिङदेखि ३८ किलोमिटर दूरीमा रहेको रानीपुलबाट गोलातर्फको बाटोको ट्याक ओपन, बाटो सफा गर्ने र ग्रेडिङ मिलाउने कार्य सकिएको जनाएको छ। लामिछानेले रानीपुलबाट गोलासम्मको दूरी पनि साधारण जिप तथा ट्याक्सी हिँड्न मिल्ने गरी बनाएको बताए।

सदरमुकाम फुङलिङबाट मिल्लुङ, सिंवा हुँदै तमोर नदीको किनार भएर सडकको ट्याक खुलेपछि फुङलिङ-गोलाको दूरी पनि छोटिएको छ। ओलाङचुङगोलामा जम्मा ५६ घर छन्। करिब साढे चार सय वर्ष पुरानो मानिएको दिकिछ्योलिङ गुम्बा ओलाङचुङगोलाको हेर्नलायक संरचना हो।

हावाहुरीसहितको वर्षाले घटायो काठमाडौंको वायु प्रदूषण, पूरै सफा हुन ठूलै पानी पर्नुपर्ने

नयाँ पत्रिका

केही दिनदेखि वायु प्रदूषणको चपेटामा रहेको काठमाडौं उपत्यकामा बिहीबार भएको वर्षा र हावाहुरीले राहत मिलेको छ। एक सातादेखि हरेक दिन मानव स्वास्थ्यलाई हानि गर्ने स्तरमा प्रदूषणको तह पुग्दै आएकामा बिहीबार अपराह्न हावाहुरीसँगै वर्षा भएपछि केही घटेको हो।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाका अनुसार बिहीबार साँझ कीर्तिपुर क्षेत्रमा ८.९ मिलिमिटरसम्म पानी परेको छ भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रमा प्रतिघण्टा ५० किलोमिटरसम्मको वेगमा हावा चलेको छ। 'तुवाँलोले छोपेको आकाशमा डढेलोको धुँवा मिसिँदा जनजीवन निकै प्रभावित भएको थियो, तर हावाहुरीले धुलो-धुवाँ बढारेको छ भने पानीले पखालिदिएको छ,' मौसमविद् झाले भने, 'पक्कै पनि बिहीबारभन्दा शुक्रबार काठमाडौंमा वायु प्रदूषणमा केही सुधार हुनेछ।'

वातावरण विभागको वायु प्रदूषण गुणस्तर मापन गर्ने केन्द्रको तथ्यांकअनुसार बिहीबार बिहान सात बजे रत्नपार्क क्षेत्रको हावामा २.५ पिएम भनिने धुलो-धुवाँका निकै मसिना कणको बहावस्तर प्रतिघन्टा १६२ माइक्रो घनमिटरसम्म थियो। तर, हावाहुरी र वर्षापछि साँझ ६ बजे यो स्तर ५०.१८ माइक्रोघनमिटरमा झरेको थियो। जबकि, बुधबार दिउँसोभन्दा बिहान र साँझ प्रदूषणको स्तर निकै खराब थियो। बुधबार दिउँसो दुई बजे वायुमा पिएम २.५ को मात्रा ५२.२ रहेकामा साँझ १२० सम्म पुगेको थियो।

तर, तराईसहितका क्षेत्रमा लागेको डढेलो र काठमाडौं उपत्यकामा ढल बिछ्याउन, फुटपाथमा टायल बिछ्याउन खनेर असरल्ल छाडिएकाले पनि धुलो घटिहाल्ने स्थिति भने छैन। त्रिभुवन विश्वविद्यालयको जल तथा मौसम विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक डा. विनोद पोखरेलले ठूलो हावाहुरी वा पानी नपरेसम्म प्रदूषण निमिट्यान्न भइनहाल्ने बताए। 'बिहीबारको वर्षाले थौरै राहत त भएको छ, शुक्रबार घाम पनि लाग्ने देखिन्छ,' उनले भने, 'तर, देशभर डढेलो कायमै छ। काठमाडौंको धुलो पनि छँदै छ। त्यही भएर पूरै सुधार हुने स्थिति छैन।'

कहाँ कति पानी पऱ्यो ?

बिहीबार गण्डकीको पश्चिमी क्षेत्र बागलुङदेखि ताप्लेजुङसम्म बनेको स्थानीय वायुका कारण गण्डकी, बागमती र कोशीका पहाडी क्षेत्रमा वर्षा भएको हो। बिहीबार सबैभन्दा बढी पानी धनकुटामा ३१.४ मिमि, खोटाङको ऐँसेलुखर्कमा २६.८ मिमि, सिन्धुपाल्चोकमा २१ मिमि र मकवानपुरमा २०.२ मिमि परेको छ। नासाले भूउग्रहबाट लिएको डढेलोको तस्बिर हेर्दा पूर्वभन्दा मध्य र पश्चिम क्षेत्रमा डढेलोका घटना बढी देखिन्छन्। बुधबारसम्म भने हिमाली भेगबाहेक देशभरका वनमा डढेलो देखिन्थ्यो। बिहीबार तराई, मधेसका वनजंगलमा अझ बढी डढेलो सल्किएको देखिन्छ।

वर्षाले डढेलो निभाउने भए पनि तराई क्षेत्रमा भने तत्काल सम्भावना देखिँदैन। मौसमविद् झाका अनुसार शुक्रबार कोशी, गण्डकी र बागमतीका पहाडी क्षेत्रमा बादलसँगै हल्का वर्षाको सम्भावना छ। 'काठमाडौंमा बिहीबारभन्दा मौसममा सुधार हुन्छ, अपराह्नपछि हल्का वर्षाको सम्भावना पनि छ,' झाले भने।

प्रदूषणले स्वास्थ्यमा गम्भीर असर पारिरहेको छ

बढ्दो वायु प्रदूषणले मानव शरीरमा गम्भीर असर पारिरहेको चिकित्सकले बताएका छन्। श्वासप्रश्वासका कारण दूषित हावा शरीरमा प्रवेश गरी अल्पकालीन र दीर्घकालीन असर पुऱ्यारहेको छ। वायु प्रदूषण बढ्दा घातक ग्यासका कण शरीरमा प्रवेश गर्ने भएकाले श्वासनलीमा संक्रमण, फोक्सोमा क्यान्सरलगायतको जोखिम बढिरहेको छ। श्वासप्रश्वासमा समस्या देखिएपछि अस्पताल पुग्नेको संख्या पनि केही दिनयता बढिरहेको छ।

छाती रोग विशेषज्ञ डा. नीरज बमका अनुसार पहिलेदेखि नै श्वासप्रश्वासको समस्या भएकाहरूमा वायु प्रदूषणको सीधा असर पर्छ। उनीहरूमा दम बढ्ने, क्षयरोग भएका व्यक्तिमा खोकी बढ्ने, खकारमा रगत देखिने, ब्रोंकाइटिस भएका व्यक्तिमा गम्भीर लक्षण देखिने हुन्छ। यसबाहेक मधुमेह, रक्तचाप, फोक्सोमा संक्रमण, गर्भाधानमा समस्याजस्ता समस्या पनि बढाइरहेको छ। प्रदूषण अत्यधिक भएको क्षेत्रमा बसोवास गर्दा श्वासनलीमा समस्या देखिने, घाँटी दुख्ने वा खसखसाउने, रुघाखोकी लाग्ने, भाइरस संक्रमण बढाउने जोखिम हुन्छ। प्रदूषणको मात्रा बढ्दै जाँदा छाला चिलाउने, आँखा चिलाउने वा रातो हुने समस्या देखिन्छन्।

सकेसम्म घरबाट ननिस्किन आग्रह

प्रदूषण बढेको समयमा घरबाट सकेसम्म ननिस्किने वा मास्क लगाएर मात्रै निस्कन चिकित्सकको सुझाब छ। तर, मास्कको प्रयोगले मात्रै जोखिमबाट बच्न नसकिने भएकाले प्रदूषण नियन्त्रणमा ध्यान दिन आवश्यक रहेको उनीहरूको भनाइ छ। हावामा ७८ प्रतिशत नाइट्रोजन र २१ प्रतिशत अक्सिजन हुनुपर्छ, जुन मानव स्वास्थ्यका लागि स्वस्थ मानिन्छ। यसबाहेक, प्रायः आर्गन (०.९ प्रतिशत), ट्रेस, कार्बनडाइअक्साइड, मिथेन, हाइड्रोजन, हेलियम र अन्य ग्यासहरू हुनुपर्छ। यस्तै, हावामा पानीको आद्रता पनि हुन आवश्यक मानिन्छ। तर, हावामा धुलो-धुवाँसँगै कार्बनमोनो अक्साइड, नाइट्रोजन अक्साइड, सल्फरडाई अक्साइड, ओजोन, पार्टिकुलर म्याटर, लिड आदि थुप्रिँदा स्वास्थ्यका लागि घातक हुन्छ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
नयाँ शहर आयोजना कार्यालय
खुर्कोट, सिन्धुली

बोलपत्र खरिद कारवाही रद्ध गरिएको सम्बन्धी सूचना

प्रकाशन मिति २०८०/१२/३०

यस कार्यालयबाट मिति २०८०/७/३ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित **"खुर्कोट नयाँ शहरमा बहुउद्देशीय सामुदायीक भवन निर्माण गर्ने कार्य"** ठेक्का नं. KNTPO/NCB/080/81-02 सम्बन्धमा उक्त निर्माणकार्यका लागि आवश्यक निर्माणस्थल आयोजनाको नाउँमा उपलब्ध हुन नसकेकाे हुदाँ कार्यालयको मिति २०८०/१२/२८ सार्वजनिक खरिद ऐनको दफा २६ बमोजिम बोलपत्र खरिद कारवाही रद्ध गरिएको सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

का.मु.आयोजना प्रमुख

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Madan Bhandari Highway Project Directorate
Chakupat, Lalitpur
Notice No: 03/080/81
Date of publication: **2080/12/30 (12th April, 2024)**

1. **Madan Bhandari Highway Project Directorate, Lalitpur** invites Open Competitive Bidding from eligible Nepali bidders for the construction of following works under National Competitive Bidding procedures.

Contract Number	Description and location of work	Fee for Bidding Document NRs.	Bid Security Amount NRs. (million)	AACT NRs. (million)	Specific Experience NRs. (million)	Bid Capacity (million)	Key Activities
MBHPD/ 337011084/ 080/81-003	Upgrading/Improvement of Baddichaur-Gutu-Karnali (Km 13+000 to 23+340, 45+340 to 60+000), Surkhet (25 Km) Section of Madan Bhandari Highway (NH09) to Blacktop Standard.	20,000	46	866	1040	1386	2310 Cum (AC/ BC/ DBM/ SDBM) per year

2. Submission and Opening:

Activity	Date	Time	Place
Submission of Bid	Within 2081/01/30 (12th May, 2024)	Within 12:00 hrs	PPMO's website www.bolpatra.gov.np/egp
Opening of Bid	Within 2081/01/30 (12th May, 2024)	13:00 hrs	Project Directorate, Lalitpur

3. Bidders should submit their bids electronically after downloading the bidding documents from PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the Fee of bidding document in the Revenue account as specified below and scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

Bank	Name of Office	Revenue Account Number	Office code	Revenue Heading No
Nepal Bank Limited, Gabahal	Madan Bhandari Highway Project Directorate	00101000000001001001	337013408	14229

4. Bids must be valid for a period of 120 days from bid submission deadline and must be accompanied by Cash Security (should be deposited in Deposit Account No. 01801000002003000001, Office Code: 305013401 in the name of Financial Comptroller Office, Kathmandu (at Nepal Bank Limited, Gabahal, Lalitpur) or Bank Guarantee (issued by A class commercial bank), amounting to a minimum of as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
5. Please refer to the complete set of bidding documents (available at PPMO's website www.bolpatra.gov.np/egp) for further information about invitation of bids, purchase of bidding document, submission & opening of bids; and evaluation & qualification criterion.

Project Director

पहिलो चरणका...

पृष्ठ १ बाट क्रमशः

विधेयक समितिबाट टुंगिने चरणमा छन्। समितिले टुंग्याएपछि मन्त्रिपरिषद्बाट पारित भई संसद्मा दर्ता हुनेछन्। कानुन मन्त्रालयले २१ विधेयकको मस्यौदामा सहमति दिएकामा राजनीतिक दलसम्बन्धी ऐन संशोधन विधेयक पनि प्रतिनिधिसभामा दर्ता भइसकेको छ।

विधेयक समितिमा रहेका २० मस्यौदामा ऊर्जा मन्त्रालयले तयार पारेको नवीकरणीय ऊर्जाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, कृषिले तयार पारेको दाना पदार्थ ऐन, २०३३ लाई संशोधन गर्न बनेको विधेयक, गृहले तयार पारेको जग्गा प्राप्तिसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, संघ-संस्थाको स्थापना, दर्ता तथा सञ्चालनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक छन्। त्यस्तै, भौतिक मन्त्रालयले पानी जहाजको दर्ता सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, डिप्लोमा इन्जिनियरिङ परिषद् सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र सार्वजनिक सडक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तयार पारेको छ।

शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयले प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, रासायनिक पदार्थको सुरक्षित प्रयोग तथा व्यवस्थापनसम्बन्धी विधेयक र तिलगंगा आँखा स्वास्थ्य शिक्षा मानित विश्वविद्यालयसम्बन्धी विधेयक तयार पारेको छ। त्यस्तै, श्रम मन्त्रालयले तयार पारेको बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लाई संशोधन गर्न बनेको विधेयक समितिमा छ।

पर्यटन मन्त्रालयले पर्यटनसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, नेपाल हवाई सेवा स्थापना र व्यवस्था गर्न बनेको विधेयक, नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तयार पारेको छ। त्यस्तै, सञ्चार मन्त्रालयले आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र हुलाकसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तयार पारेर विधेयक समितिमा छलफलको चरणमा छ। सहरी विकास मन्त्रालयले भवन ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक तयार पारेको छ। त्यस्तै, स्वास्थ्य मन्त्रालयले नेपाल स्वास्थ्य व्यवसाय परिषद् ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक, सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक तयार पारेको छ। अर्थ मन्त्रालयले तयार पारेको कर्जा सूचना सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पनि विधेयक समितिबाट टुंगिने चरणमा छ।

१६ चैतमा बसेको राष्ट्रिय सभा बैठकमा प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय सभाको संघीयता कार्यान्वयनसम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन, २०८० र विधायन व्यवस्थापन समितिको संविधानबमोजिम बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० को सुझावबमोजिम ११७ ऐनहरू पहिचान गरिएकामा प्राथमिकताक्रम निर्धारण गरी विधेयक तर्जुमासम्बन्धी काम अगाडि बढाएको बताएका थिए। 'कानुन मन्त्रालयले सहमति दिएका, तर संघीय संसद्मा पेस हुन बाँकी विधेयकहरूको संख्या २१ छ भने ७ विधेयक कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा तर्जुमा सहमतिको क्रममा रहेका छन्,' दाहालले भने, 'यसबाहेक बाँकी विधेयकहरू सम्बन्धित मन्त्रालयले मस्यौदा गरिरहेका छन्।'

संघीय प्रणालीलाई व्यवस्थित तथा सुदृढ पार्न अत्यन्तै आवश्यक र महत्त्वपूर्ण ऐनहरू तर्जुमा गर्ने विषयमा सरकार गम्भीर रहेको भन्दै दाहालले संविधान जारी भएपछि संघीयता र मौलिक हकलाई कार्यान्वयन गर्न १९२ वटा नयाँ ऐन जारी भई सोअन्तर्गत नियमावलीहरूसमेत निर्माण भई कार्यान्वयनमा रहेको सदनलाई जानकारी गराएका थिए। कानुनमन्त्री पदम गिरीले मस्यौदा तयार भइसकेका विधेयक छिटो सदनमा लैजाने गरी गृहकार्य भइरहेको बताए।

भिजिट भिसामा...

पृष्ठ १ बाट क्रमशः

सरलीकृत गरेको हो। अध्यागमन विभागका निर्देशक प्रेमप्रसाद दाहाल भिजिट भिसामा विदेश जानेको संख्या बढिरहेको बताउँछन्। मापदण्ड पुगेकालाई अध्यागमनले नरोक्ने उनले बताए। अमेरिका, अस्ट्रेलियालगायत देशमा नेपाली डायस्परा बढेसँगै परिवारका सदस्य भेट्न जानेदेखि घुम्न तथा रोजगारी खोज्दैसमेत कतिपय विदेश जाने गरेका छन्। भिजिट भिसामा रोजगारीका लागि विदेश जानेहरू बेचबिखनमा पर्ने समस्या देखिएपछि अध्यागमनले कडाइ गर्दै आएको छ। केही शंकास्पद यात्रा देखिएकाको हकमा अहिले पनि अध्यागमनले विमानस्थलबाटै फर्काउने गरेको छ। विदेश जानेको चापले विमानस्थलस्थित अध्यागमनमा लाइन लामो हुन थालेपछि अध्यागनमा तीन डेस्क थप हुने भएको छ। डेस्क थपका लागि धमाधम काम भइरहेको अध्यागमन विभागका महानिर्देशक कोशहरि निरौलाले बताए। विमानस्थलको सुरक्षा सुदृढीकरण तथा सेवा सरलीकरणका लागि गत साता गृहमन्त्री रवि लामिछानेको नेतृत्वमा सरोकारवालाहरूबीच बृहत् छलफलसमेत भएको थियो। छलफलले विमानस्थलमा सबै निकायबीच समन्वय बढाउने तथा सुधारलाई तीव्रता दिने निर्णय गरेको थियो।

Bagamati Province Government
Ministry of Water Supply, Energy & Irrigation
Water Supply & Sanitation Division No. 1, Makwanpur
Invitation for Bids
Date of Publication: 2080-12-30 (2024 April 12)

1. Water Supply & Sanitation Division No. 1, Makawanpur **(WSSD1 Makwanpur)** invites following bids.

S.N.	Contract Identification Number	Description of Work	Estimated Amount with VAT (NRs.)	Bid Security Amount (NRs.)	Bid Validit /Bid Security Validity Period	Price of Bid Document (NRs.)
1.	SUPPLY/NCB/17/080/81 /WSSD1/Makawanpur	Supply and Delivery of HDPE pipes (PE 100 series & NS40:2079 compliance), Makawanpur-I	1,57,73,113.63	4,00,000.00	90 days / 120 days	3,000.00
2.	SUPPLY/NCB/18/080/81 /WSSD1/Makawanpur	Supply and Delivery of HDPE pipes (PE 100 series & NS40:2079 compliance), Makawanpur-II	1,91,99,873.71	5,00,000.00	90 days / 120 days	3,000.00

2. **The Last date of bid submission is 2081/01/30 (2024 May 12)12:00 Noon & the bid Opening Date is 2081/01/30 (2024 May 12) 13:00 hours.**
3. **Bank Details**

Employer's Bank Account for Purchasing of Bid Document	Employer's Bank Account to Deposit Cash For the Bid Security
Rastriya Banijya Bank Ltd, Hetauda, Makwanpur; Office Code Number: 3130232013; **Revenue Account Number: 1000100200010000;** Rajaswa (Revenue) Sirshak No: 14229	Rastriya Banijya Bank Ltd, Hetauda Makwanpur; Office Code Number: 3130232013; Account Name: Pra. Le. Ni. Ka. Dharauti Khata; Deposit Account Number: 1300100202030000

4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO's website www.bolpatra.gov.np/egp for further details or contact the office of **Water Supply & Sanitation Division No. 1, Hetauda, Makwanpur**. Email ID: pr3wssd1@gmail.com Phone no.: 057-520726.
5. In case of suppliers, it is mandatory to submit the official letter issued alone by the manufacturer for the sole purpose of sale
6. All rights to accept, reject or partially accept the bid will be reserved in this office.
7. Bidder needs to submit their bid electronically by downloading the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp
8. The office will not be responsible if the E-bid is not registered in electronic submission or if the file is corrupted at the time of opening
9. If the Last date of Purchasing and / or submission falls on government holiday, the next working day shall be consider as the last date. In such case the validity period of Bid Security shall remain the same as prescribed for the original last date of bid submission
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement regulations, 2064 and other prevailing Rules and Regulations.

For Division Chief

दरबारमार्ग...

पृष्ठ १ बाट क्रमशः

व्यवसायीलाई समेत थप जिम्मेवार बनाई १ वैशाखदेखि २४सै घण्टा व्यवसाय सञ्चालन गर्न दिने तयारी भएको जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख एसएसपी भूपेन्द्र खत्रीले बताए। 'दरबारमार्ग र ठमेलमा अब सुरक्षा मापदण्ड पूरा गरेर २४सै घण्टा व्यवसाय गर्न पाइन्छ,' उनले भने, 'यसमा प्रहरीले सम्पूर्ण तयारी गरिसकेको छ।' प्रहरीले शुक्रबार पत्रकार सम्मेलन गरेर मापदण्डका विषयमा जानकारी गराउँदै छ।

ठमेल र दरबारमार्गका व्यवसायीले भने बिहीबार नै पत्रकार सम्मेलन गरी यससम्बन्धी जानकारी दिएका छन्। यसले पर्यटन प्रबर्द्धनमा समेत योगदान दिने उनीहरूको विश्वास छ।

ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भवीश्वर शर्माले पूर्णकालीन रूपमा व्यवसाय गर्न दिने निर्णय कार्यान्वयनमा जानुले पर्यटन क्षेत्रकै विकास हुने बताए। कडाइका साथ आचारसंहिता पालना गरी सुरक्षित तरिकाले रात्रिकालीन व्यवसाय सञ्चालन गरिने उनको भनाइ छ।

गृह मन्त्रालयले ठमेल र दरबारमार्ग क्षेत्र २४सै घण्टा सञ्चालनका लागि गत साता छलफल गरेको थियो। सोही छलफलका आधारमा तत्काल सञ्चालन गर्न लागिएको हो। एक दशकभन्दा लामो समयदेखि ठमेल क्षेत्रलाई पूर्णकालीन सञ्चालन गर्नेबारे छलफल हुँदै आए पनि विभिन्न व्यक्तिको स्वार्थ तथा प्रशासनको अनिच्छाका कारण कार्यान्वयन हुन सकेको थिएन।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
सस्पेन्सन बृज डिभिजन
श्रीमहल, पूल्चोक, ललितपुर
प्रकाशित मिति : २०८०/१२/३०

सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा, यस डिभिजन अन्तर्गत नयाँ निर्माण गर्नुपर्ने झोलुङ्गे पुलहरुको निर्माण कार्यको लागि ठेक्का नं. NCB-18/080/81, NCB-19/080/81 र NCB-20/080/81 अन्तर्गतका झो.पु. हरुको निर्माण कार्यको लागि राष्ट्रियस्तरको बोलपत्र आव्हान गरिएको सूचना https://bolpatra.gov.np/egp/ मा प्रकाशित गरिएको व्यहोरा सूचित गरिन्छ।

मधेशका वनमा जतातै डढेलो

रौतहटमा २२ हजार हेक्टर र पर्सा राष्ट्रिय निकुञ्जको सय हेक्टरभन्दा बढी स्थानमा डढेलो

बारामा **इन्दीप कोइराला**

केही दिनयता मधेशको वन क्षेत्रमा जतातै डढेलो लागेको छ। डढेलोले ससाना बिरुवा नष्ट हुन थालेका छन् भने पूर्व-पश्चिम राजमार्गमा समेत यात्रा गर्न खतरा भएको छ। गर्मीयाम सुरु भएसँगै डढेलो फैलिँदै गएको हो। यतिबेला मधेशका विभिन्न जिल्लाको वन क्षेत्रभित्रका राष्ट्रिय वन (सामुदायिक वन), साझेदारी वनमा तथा पूर्व-पश्चिम लोकमार्गवरपरका वन क्षेत्रमा धूवाँको मुस्लो जतातै देखिन्छ।

मधेशमा सबैभन्दा बढी रौतहटमा २२ हजार हेक्टरमा डढेलो लागेको छ। भुइँ आगोका कारण यस क्षेत्रमा डढेलो नियन्त्रणमा लिनसमेत सकिएको छैन। पर्सा राष्ट्रिय निकुञ्जको सय हेक्टरभन्दा बढी स्थानमा डढेलो लागेको छ। बारामा ५०, महोत्तरीमा ३०, धनुषामा २०, सिराहामा १०, सप्तरीमा २०



● **सुभाष श्रेष्ठ,**
वडाध्यक्ष, जितपुरसिमरा उपमहानगरपालिका- २१

यहाँ डढेलो लगाउनेहरू कहिल्यै समातिँदैनन्। डढेलो बस्तीमै आइपुग्ने चिन्ताले राम्ररी सुत्न सकिने अवस्था छैन। पेट्रोलियम पदार्थ भण्डारणछेउको जंगलमा आगो लागेकाले रातभर जाग्राम बस्नुको विकल्प छैन।

हेक्टर क्षेत्रमा डढेलोले क्षति गरिसकेको छ। सर्लाहीमा भने फाट्टफुट्ट आगलागी भए पनि तुरुन्तै नियन्त्रण लिइएका कारण क्षति हुन नसकेको डिभिजन वन कार्यालय सर्लाहीका प्रमुख मन्जुर अहमदले जानकारी दिए। डढेलोले वन्यजन्तु, बोटविरुवा, वनस्पति, जडीबुटी र काठ-दाउरालगायत जैविक तथा पर्यावरणीय क्षति बढ्दो छ।

बाराको निजगढ, कोल्हवी र जितपुरसिमरा नगर क्षेत्रभित्र राष्ट्रिय निकुञ्ज, राष्ट्रिय वन छन्। केही दिनअघि निकै संवेदनशील मानिने पेट्रोलियम पदार्थको भण्डारण रहेको नेपाल आयल निगम अमलेखगन्ज डिपोनजिकैको पर्सा राष्ट्रिय निकुञ्जको वनमा डढेलो लागेको थियो। पेट्रोलियम पदार्थ भण्डारण भएको नजिकैको वनमा डढेलो लागेका कारण स्थानीय डराएका थिए। तर, वन, निकुञ्ज, प्रहरी, सेना र स्थानीयको प्रयासमा डढेलो नियन्त्रण आयो। 'यहाँ डढेलो लगाउनेहरू कहिल्यै समातिँदैनन्,' जितपुरसिमरा उपमहानगरपालिका- २१ का वडाध्यक्ष सुभाष श्रेष्ठले भने, 'डढेलो बस्तीमै आइपुग्ने चिन्ताले राम्ररी सुत्न सकिने अवस्था छैन। पेट्रोलियम पदार्थ भण्डारणछेउको जंगलमा आगो लागेकाले रातभर जाग्राम बस्नुको विकल्प छैन।'

वनसम्पदा सुरक्षामा नभई वनको उपभोगमा मात्र लागेका कारण वनका कर्मचारीको उदासीनताले वन उजाड हुँदै गएको रौतहटको चन्द्रपुर नगरपालिका-६ स्थित लमहाकी फूलमाया पुलामीले बताइन्। 'दिनदिनै डढेलोले वन खरानी हुँदै छ,' उनले भनिन्। डढेलो नियन्त्रणमा सर्वसाधारणको सहयोग आवश्यक भएको डिभिजन वन कार्यालय रौतहटका प्रमुख शैलेन्द्रकुमार मिश्रले बताए। वन क्षेत्रको नियमित गस्ती र कारबाही प्रक्रिया दुरुस्त गर्न वन सुरक्षा र जिल्लास्थित अन्य सुरक्षा निकायको समन्वयमा संयुक्त टोली बनाएर संयुक्त गस्ती बढाइनुपर्छ भने वन क्षेत्रभित्र सशस्त्र प्रहरी पोस्टसमेत सञ्चालनमा भए सर्वसाधारणले वनमा डढेलो लगाउने हिम्मत गर्ने थिएनन्। एकैचोटि ठूलो स्तरमा आगलागी हुँदा जनावरहरूलाई जोगिन गाह्रो हुने सामुदायिक वन उपभोक्ता महासंघ बाराका अध्यक्ष रामजी बजगाईं बताउँछन्।



बारास्थित पूर्व-पश्चिम लोकमार्गअन्तर्गत निजगढ-पथलैया सडकखण्डमा पर्ने पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रमा लागेको डढेलो।

■ डढेलोका कारण

मधेशमा वायु प्रदूषण

मधेशका विभिन्न वनजंगलमा डढेलो लाग्दा वायु प्रदूषणसमेत बढेको छ। वायु प्रदूषणकै कारण सिमरा विमानस्थलमा करिब एक हप्ता सम्पूर्ण उडान डिले गरिएको सिमरा नागरिक उड्डयन कार्यालयका प्रमुख तथा विमानस्थल प्रबन्धक सूर्यबहादुर खत्रीले जानकारी दिए। डढेलोका कारण पूर्व-पश्चिम लोकमार्गमा चल्ने सवारीसाधनका चालकलाई समेत आँखा पोल्ने, बाटोमा विपरीत दिशाबाट आएका सवारीसाधनसमेत देखिने अवस्था नभएको चालकले गुनासो गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी निरीक्षक रामकुमार महतोले बताए। 'यस भेगमा चल्ने सवारीसाधनका चालकहरूले जंगलमा लागेको आगलागीका कारण सवारी चलाउनसमेत कठिन भएको गुनासो गरेपछि हामीले वनलाई यसबारे जानकारी गराएका थियौं,' उनले भने।

यसैगरी, मन्थली नगरपालिका- ९ पुरानागाउँको लामाटोलमा आगलागीमा परी एक वृद्धा गम्भीर घाइते भएकी छिन्। बिहीबार बिहान घरनजिकैको बारीमा जम्मा गरी राखेको पत्कर पोल्न निस्किएकी ८५ वर्षीया लालमाया तामाङ आगलागीमा परी घाइते भएकी हुन्। पत्कर सल्काउने क्रममा दनदनी बलेको आगो उनको शरीरमा सल्किँदा उनी गम्भीर घाइते भएकी थिइन्। आगलागीमा परेकी लालमाया चिच्याएको सुनेपछि उनलाई घटनास्थलबाट तत्काल उद्धार गरिएको थियो।

च्याउ टिप्न जंगल गएका तीन बालक डढेलोमा परी घाइते

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

जंगलमा लागेको डढेलोमा परी डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका- ४, रंगका तीन बालक घाइते भएका छन्। घरनजिकैको सामुदायिक वनमा च्याउ टिप्न गएका उनीहरू जंगलमा लागेको डढेलोमा परेको डोल्पाका प्रमुख जिल्ला अधिकारी तुलसीप्रसाद दाहालले जानकारी दिए। घाइते हुनेमा १० वर्षीय सुरज बुढा, १२ वर्षीय विवश बुढा र १३ वर्षीय समन्त बुढा छन्।

उनीहरूको डोल्पाको सदरमुकाम दुनैस्थित जिल्ला अस्पतालमा उपचार भइरहेको छ। तीनैजनाको अवस्था गम्भीर रहेको अस्पताललाई उद्धृत गर्दै प्रजिअ दाहालले बताए। 'आगोमा जलेका बालकहरूको अवस्था एकदमै दर्दनाक छ,' उनले भने। थप उपचारका लागि काठमाडौं लैजाने तयारी गरे पनि समय र खराब मौसमका कारण हेलिकोप्टर आउन नसकेको उनले बताए। 'जिल्ला अस्पतालका चिकित्सकहरू आफूले सकेको प्रयास गरिरहनुभएको छ। थप उपचारका लागि काठमाडौं लैजान प्रयास सफल हुन सकेन,' उनले भने। यसअघि २६ चैतमा डोल्पास्थित मस्टा भवानी सामुदायिक वनमा लागेको डढेलो निभाउने क्रममा जलेर तीनजना सैनिकको मृत्यु भएको थियो। डढेलो निभाउने क्रममा जलेर गम्भीर घाइते भएका देवीदत्त गुल्म 'क'मा कार्यरत जुम्लाका सिपाही हेमन्त रावलको २६ चैत र २७ गते जवान २३ वर्षीय आशिष बुढा र काभ्रे घर भएका जमदार ३८ वर्षीय केशरबहादुर जर्घामगरको मृत्यु भएको थियो। दुवैजनाको काठमाडौंस्थित कीर्तिपुर बर्न अस्पतालमा मृत्यु भएको डोल्पाका प्रमुख जिल्ला अधिकारी दाहालले जानकारी दिए। रावलको भने दुनैस्थित जिल्ला अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो।

गण्डकीमा मन्त्रालयको संख्या सातबाट नौ पुऱ्याइयो

कास्कीमा **रोहितराज पराजुली**

गण्डकी प्रदेश सरकारले मन्त्रालयको संख्या बढाउने निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले मन्त्रालयको संख्या सातबाट बढाएर नौ पुऱ्याउने निर्णय गरेको हो। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय फुटाएर सामाजिक विकास एउटा र स्वास्थ्य मन्त्रालय अर्को बनाउने तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमातहत रहेको आन्तरिक मामिलालाई छुट्टै मन्त्रालय बनाउने निर्णय गरेको सरकारका प्रवक्ता एवं विना विभागीयमन्त्री हरिबहादुर चुमानले जानकारी दिए। हाल प्रदेशमा सात मन्त्रालय रहेकोमा अब स्वास्थ्य र आन्तरिक मामिला मन्त्रालय थप भएका छन्।

कामको अवश्यकताले कायम गर्नुपर्ने भएकाले मन्त्रालय थप गरिएको चुमानको भनाइ छ। 'मन्त्रालयको संख्या बढाउँदैमा खर्च बढ्छ-बढ्दैन भन्ने भन्दा पनि खर्च कहाँ बढ्यो भन्ने कुरा नियाल्नुपर्छ।



● **हरिबहादुर चुमान,**
विनाविभागीय मन्त्री, गण्डकी प्रदेश

मन्त्रालयको संख्या बढाउँदैमा खर्च बढ्छ-बढ्दैन भन्ने भन्दा पनि खर्च कहाँ बढ्यो भन्ने कुरा नियाल्नुपर्छ। मन्त्रालयहरूको काम नै अलग छ, एउटा मन्त्रीले दुई मन्त्रालय हेर्न भ्याइँदैन। गण्डकीमा यसअघि ४ फागुन ०७४ मा एमालेका पृथ्वीसुब्बा गुरुङ मुख्यमन्त्री हुँदा सात मन्त्रालय थियो। एमाले र माओवादी विभाजनपछि मुख्यमन्त्री गुरुङले आफ्नो पद धरापमा पर्ने देखिएपछि प्रदेश सभामा रहेका अन्य दललाई सरकारमा सहभागी गराएर आफ्नो सत्ता टिकाउने उद्देश्यसहित ०७७ को अन्तिमतिर मन्त्रालय संख्या बढाएर ११ पुऱ्याएका थिए। गुरुङ मुख्यमन्त्रीबाट हटेसँगै काग्रेसका कृष्णचन्द्र नेपाली पोखरेल २९ जेठ ०७८ मा मुख्यमन्त्री नियुक्त भएका थिए। उनले मन्त्रालय संख्या ११ बाट बढाएर असोज ०७८ मा १२ पुऱ्याएका थिए। त्यसपछि २५ पुस ०७९ मा मुख्यमन्त्री भएका खगराज अधिकारीले ९ माघ ०७९ मा मन्त्रालयको संख्या १२ बाट सातमा झारेका थिए। २५ चैतमा मुख्यमन्त्री भएका अधिकारीले २७ चैतमा मन्त्रालयको संख्या सातबाट नौ बनाउने निर्णय गरेका हुन्। मुख्यमन्त्री अधिकारीले भने मन्त्रालय बढाउने निर्णय आफूलाई थाहा नभएको बताए। 'मन्त्रालयको संख्या बढाउने निर्णय गरेको मलाई थाहा छैन, मन्त्रालयको संख्या सात होइन नौ बनाउनुपर्छ भन्ने मेरो कुरा हो। तर निर्णय गरिएको छैन।'

गण्डकी प्रदेश सरकार गठन प्रक्रियाको वैधानिकतामाथि प्रश्न उठिरहँदा दुई मन्त्रालय थप गर्ने निर्णय भएपछि मुख्यमन्त्री खगराज अधिकारी विवादमा परेका छन्। पदमा बहाल रहेका सभामुखसमेतको संख्या गणना गरी प्रदेश प्रमुख डिल्लीराज भट्टले अधिकारीलाई मुख्यमन्त्रीमा नियुक्त गरेपछि सर्वोच्च अदालतमा मुद्दा परेको छ। अदालतले बुधबार सरकारलाई दीर्घकालीन असर पुग्ने निर्णय नगर्न आदेश दिएको थियो।

सेनाको अगुवाइमा हिमाल सफाइ अभियान

काठमाडौं/ नेपाली सेनाको अगुवाइमा सगरमाथा, ल्होत्से र नुप्त्से हिमालबाट फोहोर र मानव शव व्यवस्थापन हुने भएको छ। यी हिमालबाट जम्मा १० टन फोहोर तथा पाँचवटा मानव शव व्यवस्थापन गर्ने सेनाको लक्ष्य छ। सैनिक टोली २ वैशाखमा हिमालतर्फ प्रस्थान गर्ने र ५० दिनसम्म सफाइ गरेर फर्किनेछ। यो नेपाल सरकारको राष्ट्रिय कार्यक्रम हो। प्रधानसेनापति प्रभुराम शर्माले सफाइ अभियानका नेतृत्वकर्ता सेनानी आदित्य कार्कीलाई अभियानको झन्डा हस्तान्तरण गरेका छन्। जंगी अड्डामा बिहीबार आयोजित कार्यक्रममा शर्माले पर्वतीय पर्यावरण सुरक्षा सार्वजनिक महत्त्वको विषय रहेको उल्लेख गर्दै हिमाल सफाइ अभियान सरोकारवाला सबैको साझा प्रयास, समन्वय र सहकार्यबाट मात्र सफल हुने बताए।

पर्यावरण सुरक्षामा नेपाली सेना करिब पाँच दशकदेखि सक्रिय रूपमा सहभागी भएको र सफा हिमाल अभियानमा पाँच वर्षदेखि सक्रिय रहेको पनि उल्लेख गरे। विगतका अनुभव र यस वर्षको विस्तृत एवं व्यावहारिक योजनाका आधारमा अभियान सफल हुने पनि प्रधानसेनापतिको विश्वास छ। प्रधानसेनापति शर्माले यो अभियानको सफलता फोहोर संकलनको मात्राले मात्र नभई अभियानमार्फत प्रसारित हुने सचेतना र त्यसमा हुने बृहत् सहभागिताले निर्धारण हुने पनि बताए। सैनिक र गैरसैनिक रहेको सफाइ टोलीले करिब तीन हप्ताको प्रि-डिप्लोइमेन्ट तथा एक्लिमटाइजेसन तालिम सम्पन्न गरिसकेको छ। संकलितमध्ये सड्ने फोहोर स्थानीय निकायलाई र नसड्ने फोहोर गैरसरकारी संस्थालाई व्यवस्थापनका लागि हस्तान्तरण गरी अभियान समापन गर्ने सेनाको योजना छ। समारोहमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र पर्यटन विभागका महानिर्देशकहरू, रथीवृन्द, अधिकृत, वन तथा वातावरण र पर्यटनसँग सम्बन्धित विभिन्न व्यक्तित्व, नेपालस्थित विभिन्न देशका सैनिक सहचारी, सफा हिमाल अभियानका साझेदारहरू सहभागी थिए।

■ कस्मिरी मस्जिदमा नवाज



इद उल फित्रको अवसरमा बिहीबार दरबारमार्गस्थित कस्मिरी मस्जिदमा नवाज पढ्दै इस्लाम धर्मावलम्बी। **तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका**

संसद्को गतिरोध चाँडै अन्त्य हुन्छ : प्रचण्ड

विराटनगर/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संसद्को गतिरोध चाँडै अन्त्य हुने बताएका छन्। बिहीबार माओवादी कोशी प्रदेशस्तरीय पदाधिकारी र केन्द्रीय सदस्यहरूको विस्तारित बैठकमा सहभागी हुन आएका उनले विराटनगरमा पत्रकारहरूसँग कुरा गर्दै संसद्को गतिरोध अन्त्य गराउन आफू मात्र नभएर सभामुख पनि सक्रिय भएर लागिपरेको र चाँडै संसद् सुचारु हुने बताए। 'विपक्षीहरूले राजनीतिक आग्रहले गर्दा चित्त नबुझाएका हुन्, तर सधैं उनीहरूले संसद्मा अवरोध पुऱ्याइरहँदैनन्। सरकारले राजनीतिक संवाद थालिसकेकाले गतिरोध चाँडै अन्त्य हुन्छ,' उनले भने।



प्रचण्डले गृहमन्त्री रवि लामिछाने प्रकरणमा संसदीय छानबिन नबन्ने बताए। विपक्षी दल काग्रेसले राजनीतिक पूर्वाग्रह राखेर गृहमन्त्रीसँग जोडेर सहकारी घोटालाको कुरा उठाएकाले संसदीय छानबिन समिति बनाउन आवश्यक नभएको उनको भनाइ छ। प्रचण्डले पहिले काग्रेसले रविलाई प्रधानमन्त्री बनाएर आफू सरकारमा जान चाहेको, तर सफल नभएपछि राजनीतिक प्रतिशोध राखेर सहकारी घोटाला प्रकरणलाई उठाएर अनावश्यक संसद्मा गतिरोध उत्पन्न गराइरहेको आरोप लगाए। उनले आफूले अनुसन्धान गर्ने निकाय सिआइबीसँग बुझ्दा सहकारी घोटालामा रविविरुद्ध कुनै प्रमाण नभएको प्रस्ट भइसकेकाले उनलाई गृहमन्त्रीबाट निलम्बन गर्ने वा संसदीय छानबिन समिति बनाउन आवश्यक नदेखिएको बताए। 'रवि प्रकरणले सुशासनको कुनै धज्जी उडेको छैन र प्रमाण नै भएको कुरामा छानबिन समिति पनि बन्दैन,' उनले भने। रवि प्रकरणलाई ढाकछोप गरेर आफूले कसैलाई बचाउन नचाहेको, तर प्रमाण फेला परेमा जो-कोहीलाई कारबाही गर्न पछि नपर्ने प्रचण्डले बताए। उनले गृहमन्त्री लामिछानेसँग जोडेर विपक्षीहरूले उचालिरहेको सहकारी घोटाला आरोप नयाँ समीकरणपछि आएको समस्या नभएकाले प्रमाण भएको भए पहिले नै सत्तामा हुँदा कारबाहीका लागि किन आवाज नउठाएको भनेर काग्रेसलाई प्रश्न गरे। 'सत्तामा हुँदा रवि र सहकारीको समस्या सामान्य र अहिले असामान्य किन र कसरी भयो ?' उनले प्रश्न गरे। सहकारी र रविको समस्यालाई अलग-अलग गरेर अध्ययन गर्न सकिने उनले बताए।

■ ग्रामीण सडक सञ्जाल सुधार परियोजना

परामर्शदाता छनोटमाथि नै अख्तियारको छानबिन

नयाँ पत्रिका

सहरी विकास मन्त्रालयअन्तर्गतको ग्रामीण सडक सञ्जाल सुधार परियोजनाको दोस्रो चरण परामर्शदाता छनोट नै विवादमा परेको छ। एक कम्पनीलाई मात्र मिल्ने प्रावधानसहित परामर्शदाता छनोटको प्रक्रिया अघि बढाएको उजुरीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन थालेपछि छनोट प्रक्रिया रोकिएको छ।



सवा खर्ब बजेटको यो परियोजनाकाअन्तर्गत कतिपय सडक निर्माणसम्बन्धी टेन्डरमा सम्झौता भइसकेको छ। तर, सुपरिवेक्षणका लागि परामर्शदाता छनोट विवादमा परेपछि परियोजना सुरुमै विवादमा फसेको छ। स्रोतका अनुसार इन्भाइरोमेन्ट एन्ड रिसोर्स म्यानेजमेन्ट (इआरएमसी) कम्पनीलाई मात्र मिल्ने गरी टेन्डर डकुमेन्ट बनाइएको विषयमा उजुरी परेको हो।

प्राविधिक मूल्यांकनमा सो कम्पनी मात्र पास हुने, तर प्रतिस्पर्धीभन्दा उसको प्रस्ताव २३ करोड धेरै भएकाले मिलेमतोको आशंका गरिएको हो। अर्कोतर्फ सो कम्पनीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नै सिक्टा सिँचाइ आयोजनाको भ्रष्टाचारमा समेत मुद्दा दायर गरेको थियो। कम्पनीले डिजाइन नै गलत बनाएको अख्तियारको अभियोग थियो। 'अमुक फर्मका लागि कर चुक्ता प्रमाणपत्र नभए पनि हुनेसम्मको प्रावधान राखिएको देखिन्छ,' अनुसन्धानमा आबद्ध अख्तियारका एक अधिकारीले भने, 'अर्कोतर्फ एउटा मात्र फर्मलाई मिल्ने गरी प्राविधिक प्रस्तावमा उच्च अंक दिने र उसैले उच्च दरेरेटको प्रस्ताव गर्नुले ठेक्का शंकास्पद देखिएको हो।'

परियोजनाका प्रमुख प्रेमदत्त भट्ट परामर्शदाता छनोटमा केही समस्या हुँदा ढिलाइ भइरहेको स्विकार्छन्। 'परामर्शदाता छनोट प्रक्रियामा केही असन्तुष्टि छन्, त्यो टुंगो लागिसकेको छैन,' उनले भने। पहिलो चरण संघ सरकारमार्फत नै काम भएको दोस्रो चरणमा प्रदेश सरकारमार्फत काम भइरहेको छ। दोस्रो चरणमा २४ वटा सडक निर्माणको अध्ययन भएर सातवटाको टेन्डर सम्झौतासमेत भइसकेको छ। ठेक्काको काम तथा निर्माण प्रदेश सरकारबाट हुनेमा सुपरिवेक्षणका लागि परामर्श छनोट भने केन्द्रबाट गर्न लागिएको हो। निर्माणको काममा एकरूपता हुने र रिपोर्टिङका लागि पनि सहज हुने भएकाले परामर्शदाता केन्द्रले नै छान्न लागेको परियोजना प्रमुख भट्ट बताउँछन्।

एसियाली विकास बैंक (एडिबी)को एक अर्ब डलर तथा नेपाल सरकारको २० अर्ब डलरको बजेटमा पाँच वर्षका लागि यो परियोजनाको दोस्रो चरण सुरु हुन लागेको हो। सोहीबराबरको बजेटअनुसार पहिलो चरणको परियोजना अन्तिम चरणमा पुगेको छ। पहिलो चरणको काम पनि गुणस्तरीय हुन नसकेको प्रश्न उठेको थियो। परियोजनाका तीन कर्मचारीलाई त अख्तियारले नै रंगेहात नै पक्राउ गरेको थियो।

ग्रामीण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यान्वयन इकाइ, झापामा कार्यरत आयोजना व्यवस्थापक हुतराज चौहान, इन्जिनियर रवीन्द्रकुमार शर्मा र लेखापाल हिमाल पौडेललाई आयोगले घुससहित गत असारमा पक्राउ गरेको थियो। सडक निर्माण कार्यको अन्तिम बिल भुक्तानीका लागि ठेकेदारसँग उनीहरूले चार लाख रुपैयाँ घुस लिएका थिए। दोस्रो चरणको परियोजनाअन्तर्गत परामर्शदाता छनोट नै अख्तियारको छानबिनमा परेको छ। यसअघि महालेखापरीक्षकको कार्यालयले पनि परामर्श सेवामा उच्च खर्चमाथि प्रश्न उठाउँदै आएको छ।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आजको समाजवादी आन्दोलन

विकसित भनिएका देशमै पनि समाजवाद तथा प्रगतिशील पुँजीवादको प्रश्न उठिरहेकाले यतिखेर समाजवादी क्रान्तिको वस्तुगत अवस्था अनुकूल देखिन्छ



● इन्द्रप्रसाद गोतामे 'जगतजंग'

अग्रलेख

नेपालमा पुँजीवादी र कम्युनिस्ट पार्टीहरू मिलेर शान्तिपूर्ण जनआन्दोलन, सशस्त्र क्रान्ति र जनयुद्धका माध्यमबाट राजतन्त्र अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण भएको छ। सम्झौताको यो संविधानमा पुँजीवाद र कम्युनिस्ट दुवै शक्तिका तत्त्व अन्तर्निहित छन्। आज प्रारम्भिक पुँजीवादी समाज हुँदै संविधानले उठाएको समाजवादउन्मुख जनवादी युग सुरु भएको छ।


अन्तर्राष्ट्रिय राजनीतिक पानीढलो ठूला शक्ति राष्ट्रको प्रभावमा पुँजीवादी नवउदारवादतर्फ हाबी छ। यो निजीकरण, नवउदारीकरण र भूमण्डलीकरणको तीव्र प्रभावले नेपालमा दलाल र वित्तीय पुँजीवाद सत्तासीन छ। सबै राष्ट्रिय उद्योगधन्दा निजीकरण, कमजोर र परनिर्भर बनेका छन्। उपभोक्तावादी समाज निर्माण भएको छ। नेपाल अन्तर्राष्ट्रिय पुँजीवादको बाजार बन्दै गएकाले दलाल र वित्तीय पुँजीवाद आजको मूल समस्या हो। यो प्रगति र परिवर्तनको बाधक हो। प्रगतिशील र वामपन्थी आन्दोलनको मात्र होइन, यो बुर्जुवा पुँजीवादको पनि भाइरससरह शत्रु हो। यसले श्रमजीवी जनता तथा मजदुरको नारा, झन्डा र कार्यक्रमलाई मात्र होइन, नेतृत्व नै कब्जा गर्छ। यति मात्र होइन, यसले बुर्जुवा पुँजीवादलाई पनि कब्जा गरेको छ। यो कम्युनिस्ट आन्दोलनमा कम्युनिस्ट नै भएर र पुँजीवादी आन्दोलनमा पुँजीवादी नै भएर देखा पर्छ। यो समाजवादी आन्दोलनको प्रमुख दुस्मन हो।

कम्युनिस्टले राजनीतिक रूपमा दह्रोसँग उठाएका स्वतन्त्रता, समानता र भ्रातृत्व तथा गाँस, वास र कपासको नारालाई रोक्न र जमिन कब्जा गर्न प्रथम विश्वयुद्ध भयो। दोस्रो विश्वयुद्ध अप्रत्यक्ष रूपमा जमिनका साथै मूलतः बाजार कब्जाका लागि भयो। जमिन, बाजार, वित्त, सूचना, सञ्चार, विज्ञान, प्रविधि र डाटा, चेतना, अन्तरिक्ष, पर्यावरणमाथिको एकीकृत कब्जा र त्यसको दुरुपयोग नै आजको पुँजीवाद हो। त्यसलाई दलाल र वित्तीय पुँजीवाद भनिन्छ। यो तेस्रो विश्वयुद्धको नयाँ रूप हो। यो युद्धलाई परस्त गर्नु नै आजको समाजवादी आन्दोलनको मूल कार्यभार हो। त्यसैले नयाँ विचार, नयाँ सोच, नयाँ कार्यदिशा, नयाँ कार्यक्रम, नयाँ संगठन, नयाँ आन्दोलन र नयाँ नेतृत्व आजको आवश्यकता हो। जमिन, बजार, विज्ञान, प्रविधि, डाटा, अन्तरिक्ष, आजको नयाँ श्रम र चेतनालाई मानवको साझा सम्पत्तिमा परिणत गर्नु समाजवादको दायित्व हो। पुँजीपति र श्रमजीवी सर्वहारा वर्गको आजको लडाइँ त्यसैमा केन्द्रित छ र बनाइनुपर्छ। यो नै वैज्ञानिक समाजवाद हो।

नेपाली समाजको शोषण र वर्गसंघर्ष : शासकवर्गले वर्गीय समाज निर्माण भएदेखि विभिन्न चरणमा कृषि, उद्योग र सेवाको क्षेत्रमा बचत हुने अतिरिक्त मूल्य, श्रम वा सामाजिक बचतको शोषण विभिन्न तरिकाबाट गरिरहेको छ र आजको पुँजीवादमा यो प्रक्रिया झनै तीव्र भएको छ। नेपाली समाजलाई जातीय, लैंगिक, क्षेत्रीय, धार्मिक, सांस्कृतिक रूपमा पछाडि पारिएको छ। गाँस, वास, कपास, यौन, शिक्षा, स्वास्थ्य, रोजगार, मनोरञ्जन, सुरक्षा, पूर्वाधार विकासजस्ता आधारभूत मानवीय आवश्यकतामाथिको असमानताले समाजका सम्पूर्ण व्यक्तिगत तथा सामाजिक क्षमताको विकास अवरुद्ध हुन पुगेको छ। विज्ञान प्रविधिको नयाँ खोज तथा अन्वेषण, विस्तार तथा विकासले ल्याउने सामाजिक, आर्थिक, राजनीतिक र उत्पादक शक्तिको विकासलाई दलाल र वित्तीय पुँजीवादले नियन्त्रण गरेको छ। उत्पादन साधनका रूपमा उत्पीडित श्रमजीवी वर्ग र अर्कातिर उत्पादन साधनकै अवसरबाट बाहिरिएका वर्ग (बेरोजगार, दलित, भूमिहीन, जनजाति, मधेसी र अल्पसंख्यक) र शासकबीच वर्गसंघर्ष हुन्छ। मान्छेद्वारा मान्छेमाथि गरिने संस्थागत शोषणको अन्तिम रूप भूमण्डलीकृत पुँजीवादमा अभिव्यक्त भएको छ। यसको विकल्पमा सचेत र विकसित उत्पादक शक्ति र पुँजीवादी उत्पादन सम्बन्धबीचको अन्तरविरोधले क्रान्ति र क्रान्तिले वैज्ञानिक समाजवाद जन्मिन्छ।

नेपालको नयाँ वर्ग विश्लेषण : १. भूमण्डलीकृत पुँजीवादी आर्थिक व्यवस्थाबाट जन्मिएको दलाल र वित्तीय पुँजीपति वर्ग, २. राष्ट्रिय पुँजीपति वर्ग, ३. मध्यम वर्ग, निम्न मध्यम वर्ग, किसान वर्ग, श्रमजीवी सर्वहारा वर्ग अर्थात् जातीय, लैंगिक, क्षेत्रीय, धार्मिक, सांस्कृतिक रूपमा पछाडि पारिएका उत्पीडित वर्ग, ४. विज्ञान र प्रविधिले जन्माएको सामाजिक सञ्जाल, साइबर वर्ग अर्थात् 'जेड जेनेरेसन', ५. उत्तर आधुनिकतावादले परिभाषित गरेको निवर्गीय अर्थात् जनसमुदाय, लोकप्रियतावादी चरम व्यक्तिवादी वर्ग, ६. बिदेसिन बाध्य भएका श्रमिक र विद्यार्थी वर्ग।

विश्व दृष्टिकोण : इजरायली प्राध्यापक युभल नोह हरारीले उठाएका कैयौँ मुद्दा आज बहसका विषय बनेका छन्। हरारी मूलतः बुर्जुवा विश्व दृष्टिकोणका मान्छे भए पनि आजको पुँजीवादले निम्त्याएका समस्यालाई उनले उजागर गरेका छन्। उनले आणविक युद्ध, पर्यावरणको विनाश र प्रविधिले निम्त्याउने विनाशले मानव जातिको अन्त्य हुन सक्ने संकेत गर्दै पुँजीवादको विकल्प पेस गरेका छन्। पुँजीवादको विकल्पमा समाजवादी आन्दोलनलाई नयाँ ढंगले रक्षा, प्रयोग, परिमार्जन र विकास गरी सर्वहारा विश्व दृष्टिकोणलाई बलियो बनाउनुपर्छ। ठुल्ठूला भाषण र शब्दजालले मात्र समाजवादी आन्दोलनलाई नाप्न सकिँदैन, इमानदारीपूर्वक समाजवादी आन्दोलनलाई दह्रोसँग पक्रनुपर्छ।



विज्ञान र प्रविधिको प्रभाव : विज्ञान, प्रविधि, सूचना सञ्चारको स्वामित्व सीमित पुँजीवादीबाट श्रमजीवी वर्गको स्वामित्वमा ल्याउनु नै आजको क्रान्ति हो। आज विज्ञान र प्रविधिको गति अत्यन्तै तीव्र रूपमा अगाडि बढेको छ। साइबरनेटिक डिजिटल युग, आर्टिफिसियल इन्टेलिजेन्स हुँदै विज्ञान र प्रविधिमा कृत्रिम बौद्धिकताको विकास हुँदै छ। साथै, जेनेटिक इन्जिनियरिङले डिएनएमै परिवर्तन गर्छ। रोगहरूको खोजी र उपचारमा यो प्रयोगले ठूलो क्रान्ति ल्याउनेछ। जिन काट्ने कैँची 'जेनम'लेसेलको इडिटिङ गरेर मान्छेलाई युवावस्थामै राख्ने, बच्चा कस्तो रूप र कस्तो दिमाग भएको जन्माउने ? भन्नेसमेत परिकल्पना गरिएको छ। यस्ता प्रविधिको प्रयोगले आज डार्बिनको विकासवादी सिद्धान्तलाई चुनौती दिँदै लाखौँ वर्ष लाग्ने आनुवंशिक रूपान्तरण तत्काल गर्नेछ। वनस्पतिमा प्रयोग हुने क्लोनिङ विधि मान्छेमा पनि प्रयोग गर्न सकिन्छ। बुढ्यौली र रोग निम्त्याउन सक्ने माइक्रोबायोलोजिकल, फिजियोलोजिकल र अनुवंशिक प्रणालीबारे अनुसन्धान भइरहेको छ। नयाँ औषधि र उपचारपद्धति विकासले मृत्युलाई धकेल्न मात्र होइन, जित्न पनि सकिन्छ। आज विज्ञानले मानिसको दिमागलाई नक्कल गर्न सकिन्छ भन्ने पुष्टि गरेको छ। यति मात्र होइन, आज मान्छेको दिमागमा चिप्स हालेर कम्प्युटरसँग जोड्ने प्रविधिको विकास भएको छ। ऊर्जाका भद्दा प्रक्रिया परिस्कृत हुनेछन्। पानीबाट उत्पादन हुने हाइड्रोजन ग्यास र त्यसबाट चल्ने इन्जिनजस्ता सरल र नयाँ ऊर्जाका रहस्य पत्ता लागेका छन्।

> पुँजीवादको विकल्पमा समाजवादी आन्दोलनलाई नयाँ ढंगले रक्षा, प्रयोग, परिमार्जन र विकास गरी सर्वहारा विश्व दृष्टिकोणलाई बलियो बनाउनु आजको आवश्यकता हो

प्रतिक्रान्तिको चुनौती : कम्युनिस्टहरू सत्ताबाहिर हुँदा पुँजीपति वर्गसँगको वर्गसंघर्षमा जुन वर्ग निष्ठा देखिन्छ, तर सत्तामा पुगेपछि भने सत्ता, शक्ति र पदको उन्मादमा वर्ग उत्थान हुने र नजानिँदो ढंगबाट बिनारक्तपात सत्ता पुँजीवादमा रूपान्तरण हुने आमप्रक्रिया समाजवादी आन्दोलनको मूल चुनौती हो। कम्युनिस्ट पार्टी, क्रान्ति, वर्गसंघर्ष, समाजवाद र साम्यवादको नाराको आवरणभित्रबाटै प्रतिक्रान्ति जन्मिएको अवस्था छ। वस्तुगत रूपले आज एकध्रुवीय विश्व भत्किएको र बहुध्रुव बनिनसकेको अवस्था छ। विश्व भूमण्डलीकरण र अन्तरसम्बन्धित छ। उत्पादनको केन्द्र पश्चिमबाट पूर्वतिर सरिरहेको छ। चीनको बिआरआई र अमेरिकाको हिन्द-प्रशान्त रणनीति एक-आपसमा टकराइरहेका छन्। रुस-युक्रेन युद्ध, इजरायल-हमास युद्ध आदिले विश्वयुद्धको संकेत गरेका छन्। अमेरिकाको अर्कालाई भिडाउने र शक्ति सञ्चय गर्ने, हतियारको व्यापार गर्ने रणनीति आज पनि कायमै छ। तर, आजको पुँजीवाद र साम्राज्यवादको विकल्पको खोजी विकसित भनिएका देशमै हुँदै छ। विभिन्न प्रकारका समाजवाद तथा प्रगतिशील पुँजीवादको प्रश्न उठिरहेकाले समाजवादी क्रान्तिको वस्तुगत अवस्थाअनुकूल रहेको छ। तर, आज समाजवादी व्यवस्था भएका देश निकै कम भएकाले समाजवादी क्रान्तिको आत्मगत अवस्था भने प्रतिकूल छ। यो वैज्ञानिक समाजवादका लागि निकै नै ठूलो चुनौती हो।

पुँजीवादले अपनाएको वैचारिक हस्तक्षेप र नवउदारवादको अधिनायकत्व नै आजको पुँजीवाद हो। यो सर्वहारा वर्गका लागि निकै ठूलो चुनौती हो। आज पुँजीवादले सूचना, सञ्चार, विज्ञान, प्रविधिको दुरुयोग गरी विकसित विज्ञानको पछिल्लो क्वान्टम सिद्धान्तका नियमलाई बंग्याएर उत्तरआधुनकतावादी विचारको सहरा लिइरहेको छ। पुँजीवादको यो वैचारिक, आर्थिकलगायत घेराबन्दीलाई कसरी परास्त गर्ने ? भूमण्डलीकरण र अन्तरसम्बन्धित विश्वमा समाजवादी आन्दोलनलाई जोगाउन राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठन निर्माण कसरी गर्ने ? पार्टी र सरकारलाई जनतासँग जोड्ने र पालैपालो सरकारमा जाने संगठनात्मक विधि र मान्यतालाई कसरी विकास गर्ने ? यो एकाइसौँ शताब्दीको जनवादले उठाएको विषय हो। ठोस परिस्थितिको ठोस विश्लेषण र जनदिशाको प्रयोगका माध्यमबाट मार्क्सवाद र वर्गसंघर्षलाई सूत्रका रूपमा होइन, समाज विकासको स्तर, चरण, चेतना, विज्ञान र प्रविधिको विकासअनुसार गतिशील विज्ञानका रूपमा व्यवहारमा प्रयोग गर्नुपर्छ। मार्क्सवाद र वर्गसंघर्षबाट प्राप्त हुने वैज्ञानिक समाजवाद पनि त्यही हो, जुन हिजोको जस्तो हुँदैन, विकसित हुँदै जान्छ। कसरी समाजवाद ? क्रान्तिबाट वा शान्तिपूर्ण ढंगबाट ? कस्तो समाजवाद ? देखाउने समाजवाद वा वैज्ञानिक समाजवाद ? समाजवाद आजैदेखि कि भोलिदेखि ? यी विषय आजको बहसमा छन्। मार्क्सवादी मान्यताअनुसारको वैज्ञानिक समाजवाद नै सत्य समाजवाद हो।

वैज्ञानिक समाजवादको पूर्वाधार : १. विचारको रक्षा, प्रयोग र विकास गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय ध्रुवीकरणका लागि सचेत प्रयास गर्ने। २. शक्तिशाली, गतिशील, देशव्यापी कम्युनिस्ट पार्टी निर्माण र समाजवाद मान्ने अन्य शक्तिसँग बलियो संयुक्त मोर्चा निर्माण गर्ने। ३. संसद्को क्रान्तिकारी प्रयोग, जनप्रतिनिधि संस्था (केन्द्र, प्रदेश र स्थानीय सरकार) जनपक्षीय बनाई क्रान्तिकारी प्रयोग र साम्राज्यवाद, दलाल नोकरशाही पुँजीवादविरुद्ध विभिन्न संघर्ष विद्रोह, जनआन्दोलन, जनमत संग्रह, वार्ता, कूटनीतिक पहल आदि गर्ने। ४. सुशासन, सामाजिक न्याय र समृद्धिको अभियानमा सक्रिय सहभागी बन्ने।

अन्त्यमा, विश्वमा कमजोर अवस्थामा रहेको सामन्तवादको अन्त्यभन्दा विश्व साम्राज्यवादविरुद्धको समाजवादी आन्दोलन हजारौँ गुणा जटिल तर महान् कार्य हो। पुँजीवादको असफलता, जटिलता र अन्तरविरोधको अवस्थाबाट हेर्दा पुँजीवादको विकल्पमा नेपालमा मात्र होइन, विश्वमै वैज्ञानिक समाजवाद सम्भव छ।

(गोतामे बागमती प्रदेश सभा सदस्य हुन्)

---

३ प्रश्न

कांग्रेस प्रमुख सचेतक **रमेश लेखक**लाई



संसद्मा भइरहेको अहिलेको अवरोध कहिलेसम्म जारी रहन्छ ?

यो प्रश्न त सरकारलाई सोध्नुपर्ने हो। किनकि, अवरोध हामीले गरेका होइनौँ, सरकार स्वयंले नै अवरोध होस् भन्ने चाहिरहेको छ। सरकार समयमै महत्त्वपूर्ण र अत्यावश्यक विधेयकहरू पारित नहोऊन् भन्ने चाहन्छ। त्यसैले, ऊ अहिलेको गतिरोध लम्बिरहोस् भन्ने ध्याउन्नमा देखिन्छ।

अवरोधबाट जनताका जल्दाबल्दा समस्या र बन्नैपर्ने अत्यावश्यक विधेयक अलपत्र परेनन् र ?

पक्कै परे। हामीले परेनन् भनेका छैनौँ। हामी त छिटोभन्दा छिटो गतिरोध खुलाएर संसद्लाई प्रभावकारी बनाऔँ र विधेयकहरू पारित गरौँ भनिरहेकै छौँ। तर, सरकारले हाम्रो कुरा कत्ति पनि सुनिरहेको छैन। यो देशमा संविधान र कानुनभन्दा माथि कोही पनि छैन। सहकारीमा यति धेरै र ठुला बदमासी भएका छन्। ती बदमासीको छानबिन गर्ने र दोषीमाथि कारबाही गर्ने मुख्य निकाय भनेकै गृह मन्त्रालय हो। यसको नेतृत्वकर्ता गृहमन्त्रीमाथि नै सहकारीको बदमासीबारे पटकपटक प्रश्न उठिसकेपछि हामीले संसदीय छानबिन समितिको माग गरेर के गल्ती गर्‍यौँ ? के यो देशको इतिहासमा संसदीय छानबिन समिति यसअघि बनेकै थिएनन् र ? प्रश्न उठिसकेपछि जाँचबुझ गर्नुपर्‍यो भन्न पनि नपाइने हो र अब ?

जो प्रतिपक्षमा हुन्छ, उसले संसद् अवरोध गर्नैपर्ने हो र ?

हामीले लामो समयसम्म सदनमै बसेर जिम्मेवार प्रतिपक्षका रूपमा आवाज उठाएका छौँ। हाम्रा कारण सम्भवतः दुई दिन सदन अवरुद्ध भएको होला। यसअघि कति दिन र कस्ता कस्ता मागमा सदन अवरुद्ध हुन्थ्यो, त्यसको खोजी गरे तथ्य पत्ता लाग्छ। हामीले रहरमा संसद् अवरुद्ध गरिरहेका छैनौँ।

प्रेरक प्रसंग

अरूलाई बचाउन आफू मर्ने चिकित्सक

एकपटक फ्रान्सको मार्सेल्स सहरमा प्लेग रोग फैलियो। धेरै मानिस रोगका सिकार भइरहेका थिए। प्लेग रोगको उपचार नियन्त्रणबाहिर थियो। यो रोग लाग्नुको कारण र यस रोगको उपचार पद्धति कसैले पत्ता लगाउन सकेको थिएन। प्लेग रोगीसँग डाक्टरहरू नै डराउन थाले।

यस रोगलाई कसरी नियन्त्रणमा लिने भन्ने विषयमा बृहत् परामर्श गर्न सहरभरिका डाक्टरहरूको सभा बोलाइयो। सभामा एक वरिष्ठ डाक्टरले भने, 'यो अत्यन्त खतरनाक सरुवा रोग हो। यो रोग कुन जीवाणुका कारण लाग्छ भन्ने पत्ता लगाउन यस रोगबाट मरेका व्यक्तिको पोस्टमार्टम गर्नुपर्छ। यसमा पोस्टमार्टम गर्ने व्यक्तिकै ज्यान जाने सम्भावना अत्यधिक हुन्छ।'



लामो समयसम्म सभामा सन्नाटा छायो। कोही पनि पोस्टमार्टमका लागि तयार भएनन्। यस्तैमा एक युवा डाक्टर अगाडि सरे। उनले भने, 'मेरो मृत्युले धेरैको ज्यान बच्छ भने म यसका लागि तयार छु। केही गरी जाँचका क्रममा मेरो मृत्यु भयो भने मेरो सम्पूर्ण सम्पत्ति अस्पतालको नाम गरिदिनुहोला।'

उनले प्लेग रोगबाट मृत्यु भएका एक व्यक्तिको शरीर पोस्टमार्टम गरी जाँच सुरु गरे। जाँचका क्रममा पत्ता लागेका कुरा उनले लेख्दै गए। जाँचका क्रममा उनले प्लेग रोग लाग्नुको कारण र उपचार प्रक्रिया पनि पत्ता लगाए। तर, यति गरुन्जेल उनको शरीरमा प्लेगका जीवाणु यति फैलिसकेका थिए कि उनको उपचार सम्भव भएन। आफ्नो बलिदान दिएर यसरी विश्वलाई प्लेग रोगको निदानको जानकारी दिने ती महान् डाक्टर थिए- हेन्नी गायन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

लोडसेडिङको विकल्प देऊ

सुख्खायामको आगमनसँगै देशभरका नदीनालामा पानीको बहाव कम हुँदा विद्युत् उत्पादनमा समेत कमी आएको छ। जसले गर्दा नेपाल विद्युत् प्राधिकरणले ठाउँ-ठाउँका औद्योगिक क्षेत्रमा अघोषित रूपमा लोडसेडिङ गर्न थालेको र यसबाट उद्योगी व्यवसायीलाई निकै मर्का परिरहेको समाचार पढ्दा दुःख लाग्यो। लोडसेडिङको लामो कहरपछि बल्लतल्ल लयमा फर्किंदै गरेको औद्योगिक क्षेत्र कोरोनाबाट पुनः थलियो। अहिले फेरि लय समात्ने कोसिसमा रहेका वेला पुनः लोडसेडिङले उद्योगीलाई तर्साउन थालेको छ। अब सरकारले लोडसेडिङको विकल्प दिएर उद्योगी, व्यवसायीलाई राहत दिन सक्नुपर्छ। अन्यथा, यसको नेपाली औद्योगिक उत्पादनमा दूरगामी असर पर्ने निश्चित छ।

● **भूमिका यादव**, जनकपुरधाम, धनुषा

सरकार गम्भीर बनोस्

सरकार युवा निर्यात गरेर तिनैले पठाएको रेमिट्यान्सको बलमा राज्य चलाइरहेको छ। तर, तिनै युवा वैदेशिक रोजगारीमा रहँदा मिर्गौला फेल भएर दीर्घरोगी बनिरहेका छन्। तर, यसबारे राज्य बेखबरसरह देखिन्छ। वैदेशिक रोजगारीमा रहँदा त्यहाँको प्रतिकूल वातावरण र अप्ठ्यारो कार्यावस्थाका कारण कुनै युवाको मिर्गौला फेल भइरहेको छ भने तिनको उपचारमा राज्य गम्भीर बन्नुपर्छ। अन्यथा तिनै युवाले पठाएको रेमिट्यान्स गनेर बस्नुको अर्थ छैन।

● **मालिनी महर्जन**
बाफल, काठमाडौं

गतिरोध छिटो अन्त्य गर

जनताका विविध विषयमाथ गम्भीर बहस हुनुपर्ने र अत्यावश्यक अनेकौँ कानुन निर्माण गर्नुपर्ने थलो संसद् लामो समयदेखि अवरुद्ध भइरहेको छ। सत्तापक्ष र प्रतिपक्ष दुवैको बालहठका कारण यो गतिरोध लम्बिरहेको जोकोहीले देखिरहेकै हो। यसमा सत्ता र प्रतिपक्ष दुवै जिम्मेवार हुनुपर्छ। दुवैको अनावश्यक हठले गर्दा जनप्रतिनिधिमूलक संस्था संसद्माथि नै जनताको अविश्वास बढ्न थालेको छ। दुवै पक्ष यसतर्फ गम्भीर हुन जरुरी छ।

● **सुयश कार्की**
चिप्लेढुंगा, पोखरा

अन्य आयोगका प्रतिवेदन खोइ ?

विशेष अदालतका तत्कालीन न्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा गठित तीन सदस्यीय चिकित्सा शिक्षा जाँचबुझ आयोगले दिएको प्रतिवेदन ढिलै भए पनि सार्वजनिक गरेर शिक्षामन्त्री सुमना श्रेष्ठले राम्रो सन्देश दिएकी छिन्। प्रतिवेदन सार्वजनिक गर्न उनले देखाएको साहसलाई सलाम। चाहेमा यस्ता आयोगका रिपोर्ट सार्वजनिक गरी कारबाहीको पहल गर्न सकिँदो रहेछ भन्ने सन्देश सुमनाले दिएकी छिन्, जसबाट अन्य मन्त्रीले पनि शिक्षा लिनु जरुरी छ। विभिन्न समयमा गठित अन्य आयोगका प्रतिवेदन पनि यसैगरी सार्वजनिक गरी राष्ट्र निर्माणमा ककसले कुन रूपमा अवरोध गरेका रहेछन् ? कसले राम्रो र कसले नराम्रो गरेका रहेछन् ? भन्ने यथार्थ जानकारी जनताले पाउनुपर्‍यो।

सबैभन्दा धेरै आयोग बनाउने र प्रतिवेदन बुझ्ने काम गृह मन्त्रालयले गर्ने गर्छ। त्यहाँ चाङका चाङ प्रतिवेदन त्यत्तिकै थन्केका छन्। जसलाई कुनै पनि गृहमन्त्रीले सार्वजनिक गर्ने आँट गरेका छैनन्। गृहमन्त्री रवि लामिछानेले पनि यसैगरी साहस देखाउन सकेमा सुनकाण्डलगायत दर्जनौँ प्रतिवेदन सार्वजनिक हुन सक्छन्। जसले देशमा लुट मच्चाउने शक्तिको पर्दाफास गर्न सक्छ। साथै, देश निर्माणका लागि मार्गदर्शन पनि गर्न सक्छ।

३३ किलो सुनकाण्डका वेला गठित जाँचबुझ आयोगका अध्यक्षले हालै एक अन्तर्वार्ता दिँदै मैले दिएको प्रतिवेदनलाई सरकारले तत्काल कार्यान्वयन गरेको भए आज यो १३८ क्विन्टल, ५६ किलो र नौ किलोलगायत महरा काण्ड नै हुँदैनथे। त्यसैले, सरकारले बाँकी आयोगका प्रतिवेदन पनि अविलम्ब सार्वजनिक गरून्।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, जोरपाटी
gopaldevkota@gmail.com

लेखकका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अंग्रेजी भाषाको प्रभुत्व र बहुभाषिकता

विश्वको अर्थतन्त्र बढ्दो रूपमा भूमण्डलीकृत हुन थालेपछि रोजगारदाताले अब धेरै भाषाको ज्ञान भएका कामदार खोज्छन्



देश/विदेश

● रोजमेरी सालोमोन

सन् २०१२ मा द न्युयोर्क टाइम्सको एक लेखमा हार्वर्डका पूर्वअध्यक्ष लरेन्स समर्सले अर्को भाषा सिक्न 'पर्याप्त लगानी सार्वभौमिक रूपमा सार्थक' हो वा होइन भन्ने प्रश्न गरेका थिए। उनले यो प्रश्न तीव्र रूपमा परिवर्तन हुने मेसिन अनुवाद र विश्वव्यापी रूपमा 'भाषाको विभाजन'लाई लिएर गरेका थिए। समय क्रममा उनले भाषामा निपूण हुनु 'एसियामा व्यापार गर्न, अफ्रिकामा बिरामीको उपचार गर्न वा मध्यपूर्वमा द्वन्द्व समाधानमा कम आवश्यक हुनेछ' भनेका थिए।

पछिल्ला वर्षका भूमण्डलीकरण, आमआप्रवासन र भूराजनीतिक द्वन्द्वले समर्सलाई गलत साबित गरेका छन्। उसो त एआईले गरेको अनुवाद दिनानुदिन सटिक हुँदै गएको छ, तर यसमा आवश्यक मानवीय तत्त्व र सांस्कृतिक संवेदनशीलताको अभाव हुन्छ। उसो त अंग्रेजी धेरै क्षेत्रमा सम्पर्क भाषाका रूपमा व्यापक प्रयोग भइरहेको छ, तर चिनियाँ र स्पेनिसजस्ता भाषाले यसको प्रभुत्वलाई क्रमशः चुनौती दिइरहेका छन्।

लामो समयदेखि व्यवसायका लागि प्राथमिक भाषा मानिने अंग्रेजी परम्परागत रूपमा विश्वास गरेजस्तो विश्वव्यापी वा पर्याप्त भने भएको छैन।

विश्वको अर्थतन्त्र बढ्दो रूपमा भूमण्डलीकृत हुन थालेपछि बहुराष्ट्रियदेखि साना व्यवसाय एवं सरकारी एजेन्सीसम्मका क्षेत्रमा रोजगारदाताले अब धेरै भाषाको सीप भएका कामदार खोज्छन्। यसले एकभाषी अंग्रेजी बोल्ने संसारको महत्त्वपूर्ण भागलाई घाटामा पार्छ।

अन्य भाषा सिक्न मूल अंग्रेजी बोल्नेबीच चासो वा अनिच्छाको कमी विश्वव्यापी रूपमा सचेत नीति-निर्माताबीच चिन्ता र आलोचनाको विषय हो। अंग्रेजीभाषी विश्वमा टिप्पणीकारले 'विदेशी भाषाको कमी' र विश्व अर्थतन्त्रका लागि युवालाई तयार गर्न नसक्ने मुलुकको असफलताको आलोचना गर्छन्। अमेरिकाको तथ्यांकलाई उदाहरणका रूपमा लिन सकिन्छ। उसो त अमेरिकी विद्यार्थीले कीर्तिमानी संख्यामा विदेश अध्ययनका कार्यक्रममा आफूलाई भर्ना गरिरहेका छन्। तर, यी विद्यार्थीमध्ये धेरैले अंग्रेजीमा प्रदान गरिएका सम्पूर्ण डिग्री कार्यक्रम रोज्छन्, विशेषतः युरोपेली विश्वविद्यालय रोज्छन्।

के-पपको आकर्षणका कारण कोरियन भाषा अपवाद बनेको छ, नत्र भने भाषा पाठ्यक्रममा विद्यार्थीको भर्ना प्राथमिक विद्यालयदेखि कलेजसम्म लगातार घट्दै छ। केही उच्च शिक्षा संस्थाले भर्नाका लागि विदेशी भाषाको आवश्यकतालाई हटाएका छन् वा विद्यार्थीलाई परीक्षणको माध्यमबाट प्रवीणता प्रदर्शन गरेर भाषा पाठ्यक्रमलाई नरोजे पनि हुने अनुमति दिएका छन्। कतिपय संस्थाले आफ्ना विदेशी भाषा कार्यक्रमलाई गम्भीर रूपमा घटाएका वा खारेज गरेका छन्। हालै वेस्ट भर्जिनिया विश्वविद्यालयको सबै विदेशी भाषाका डिग्री हटाउने निर्णय राष्ट्रिय समाचार बनेको थियो। विडम्बना ! धेरै विश्वविद्यालयले अन्तर्राष्ट्रिय मिसन अँगालेका छन्, विदेशमा क्याम्पस खोलिरहेका छन्, अन्य देशका विद्यार्थी भर्ना गरिरहेका छन् र विश्वका नागरिक तयार गर्ने दाबी गरिरहेका छन्।

यी संस्थालाई संसारले अंग्रेजी बोल्छ भन्नेमा स्पष्ट विश्वास छ। प्रमाण हेर्ने हो भने यो अनुमान निराधार छ। विश्वव्यापी जनसंख्याको एकचौथाइले मात्र अंग्रेजी प्रवीणतामा केही स्तर हासिल गरेका छन्। संवाद गर्ने सीप दाबी गर्नेमा पनि प्रायः उन्नत प्रवीणताको कमी हुन्छ। त्यसैले, एकभाषी अंग्रेजी बोल्ने मानिस विश्वको तीनचौथाइ जनसंख्यासँग सञ्चार गर्न वा ती भाषाबाट उत्पन्न हुने ज्ञानमा पहुँच पाउन असमर्थ छन्। व्यावसायिक जीवन र व्यापार सम्भावनामा सम्भावित प्रभावका अतिरिक्त भाषिक सीमाले अंग्रेजीभाषीलाई राजनीतिक र सांस्कृतिक रूपमा थप बढी पृथक् बनाउन सक्छ। यसले विश्वका मानिसले आफ्नो राजनीतिलाई कसरी बुझ्छन् भन्ने विषय र महत्त्वपूर्ण अन्तर्राष्ट्रिय घटनालाई पूर्ण रूपमा बुझ्ने क्षमतामा बाधा पुर्‍याउँछ। प्रिन्ट, प्रसारण र अनलाइन मिडियाले विश्वभरका विभिन्न आवाज र दृष्टिकोण प्रस्तुत गर्छन्।



तस्बिर : गेटी इमेजेस

अंग्रेजी बोल्ने विश्वका विपरीत विश्वव्यापी जनसंख्याको धेरैजसो द्विभाषी वा बहुभाषी छन् र यिनले प्रायः अंग्रेजी भाषालाई अँगाल्छन्। यो प्रवृत्ति युरोपियन युनियनका देशमा बसाइँसराइ र शिक्षानीतिका कारण देखिन्छ। त्यसैगरी युनियनका देशमा एसिया, अफ्रिका, मध्यपूर्व र विभिन्न भाषिक प्रभाव भएका अन्य क्षेत्रबाट उत्तर-औपनिवेशिक प्रभाव देखिन्छ। यी क्षेत्रमा धेरै व्यक्तिले अंग्रेजी सिक्न रोज्छन् र कुल एक अर्ब ५० करोड अंग्रेजी भाषा बोल्नेमाझ यो क्षेत्रले योगदान गर्छ। यसले मन्डारिन चिनियाँ (लगभग एक अर्ब १० करोड), हिन्दी (६० करोड) र स्पेनिस (५५ करोड) बोल्नेको संख्यालाई पार गर्छ। मन्डारिन चिनियाँ र स्पेनिसको तुलनामा अंग्रेजी पहिलो रोजाइको भाषा नभए पनि यसको व्यापक स्वीकार्यताले अंग्रेजीको विश्वव्यापी महत्त्व झल्काउँछ।

व्यक्तिले अंग्रेजी सिक्ने छनोट गर्दा व्यक्तिगत छनोट, अवसर र व्यावहारिक आवश्यकताजस्ता कारक हुन सक्छन्, जुन ठाउँअनुसार फरक हुने गर्छ। त्यसैगरी अंग्रेजी बोल्ने देशमा भाषा शिक्षामा पहुँच र विदेशमा अध्ययन गर्ने अवसर असमान हुन सक्छन्। यो प्रायः जाति र सामाजिक आर्थिक स्थितिबाट प्रभावित हुन्छ। अंग्रेजीकेन्द्रित विश्वव्यापी 'कुलीन बहुभाषिकता'को एक रूप विस्तार हुँदै छ, सम्भावित रूपमा धेरै मूल अंग्रेजी बोल्नेलाई सीमान्तीकृत गर्दै।

अर्को विश्वव्यापी भाषाले सम्पर्क भाषाका रूपमा अन्ततः अंग्रेजीलाई उछिन्न सक्छ। पाँच महाद्वीपमा व्यापक रूपमा बोलिने स्पेनिस, यस भूमिकाका लागि बलियो दाबेदारका रूपमा उभिन सक्छ। अंग्रेजी वर्चस्वलाई सर्वेसर्वा बनाउनु वा स्वीकार गर्नुको सट्टा प्रभावशाली नेताले अंग्रेजीलाई बहुभाषिकताको अत्यावश्यक अंगका रूपमा स्वीकार गर्नुपर्छ र भाषिक एवं सांस्कृतिक विभाजनलाई कम गर्न सक्षम व्यक्तिलाई शिक्षा दिन प्राथमिकता दिनुपर्छ। यो सन्देश अंग्रेजी बोल्ने देशका लागि महत्त्वपूर्ण छ।

(भाषाविद् सालोमोन सेन्ट जोन्स विश्वविद्यालयकी प्राध्यापक हुन्)

टाइमबाट

भारत र पाकिस्तानले चुनावमा हस्तक्षेप गरे : क्यानडा

दक्षिण एसियाली प्रतिद्वन्द्वी मुलुकहरूले क्यानडामा समानान्तर प्रभाव सञ्चालन गरिरहेका ओटावाको शीर्ष जासुस एजेन्सीको आरोप

क्यानडाको मुख्य गुप्तचर एजेन्सीले भारत र पाकिस्तानले देशको पछिल्लो दुई आमनिर्वाचनमा हस्तक्षेप गर्न खोजेको आरोप लगायो । गतहप्ता सार्वजनिक गरिएको प्रतिवेदनलाई २०१९ र २०२१ को राष्ट्रिय मतदानमा चीन र रुसलगायत विदेशी राष्ट्रले गरेको हस्तक्षेपको छानबिन गर्ने संघीय आयोगको एउटा अंशको रूपमा प्रस्तुत गरिएको थियो ।

(सिएसआइएस)ले भारत सरकारले देशका केही चुनावी जिल्ला र निश्चित राजनीतिज्ञलाई लक्षित गरी 'गुप्त गतिविधि' गरेर २०१९ र २०२१ को चुनावमा हस्तक्षेप गर्ने प्रयास गरेको बताएको छ । सिएसआइएसले एउटा छुट्टै कागजातमा इस्लामाबादले पाकिस्तानी स्वार्थलाई अगाडि बढाउन २०१९ को चुनावअघि संघीयस्तरको राजनीतिलाई प्रभाव पार्न खोजेको आरोप लगाएको छ ।



क्यानडाले परम्परागत रूपमा भारत र पाकिस्तान दुवैलाई साझेदारको रूपमा हेर्ने गरेको छ । तर, क्यानडा र भारतबीच बढ्दो तनाव र क्यानडाभित्र चुनावी हस्तक्षपको चिन्ताबीच आरोप लगाइएको छ ।

क्यानडाले परम्परागत रूपमा भारत र पाकिस्तान दुवैलाई साझेदारको रूपमा हेरेको छ । तर, क्यानडा र भारतबीच बढ्दो तनाव र क्यानडाभित्रको व्यापक चिन्ताबीच आरोप लगाइएको थियो । यहाँ सिएसआइएसले लगाएका आरोप विवरण र त्यसको अर्थलाई व्याख्या गर्न खोजिएको छ । सिएसआइएस कागजातअनुसार भारत सरकारका 'प्रोक्सी एजेन्ट'ले २०१९ र २०२१ को चुनावलाई 'मुख्य मुद्दामा भारतको हितसँग क्यानडाको स्थितिलाई पंक्तिबद्ध गर्ने उद्देश्यका साथ प्रभाव पार्ने प्रयास गरे ।

सिएसआइएस प्रतिवेदनले भारत सरकार समर्थक उम्मेदवारहरूको जित सुरक्षित गर्न वा पदबहाली गर्ने उम्मेदवारलाई प्रभाव पार्ने प्रयासको रूपमा विभिन्न क्यानडाली राजनीतिज्ञलाई गोप्य रूपमा अवैध आर्थिक सहयोग दिएको आरोप लगाइएको छ । 'केही उदाहरणमा उम्मेदवारलाई उनीहरूको प्रचार अभियानले अवैध रकम प्राप्त गरेको थाहा नहुन सक्छ,' प्रतिवेदनले भन्यो ।

कागजातअनुसार भारतको प्रभाव अभियान 'थोरै संख्यामा चुनावी जिल्लामा' केन्द्रित थियो, जुन इन्डो-क्यानडाली समुदायको घर हो, जसलाई नयाँदिल्लीले खालिस्तानी पृथक्तावादी समर्थकको रूपमा हेर्छ । प्रतिवेदनमा आरोप लगाइएको छ कि भारत जानाजानी आफ्नो गतिविधिका लागि 'क्यानडा र क्यानडास्थित प्रोक्सीहरू र तिनीहरूको नेटवर्कको सम्पर्कमा' निर्भर हुन्छ किनकि यसले नयाँदिल्ली र क्यानडामा यसको प्रभाव प्रयासबीचको 'कुनै पनि स्पष्ट सम्बन्धलाई अस्पष्ट बनाउँछ ।' 'प्रतिनिधिहरूले भारतीय गुप्तचर अधिकारीसँग सम्पर्क राख्छन् र काम गर्छन्,' रिपोर्टले भन्यो ।

फेब्रुअरीमा जब समाचार विवरणले पहिलोपटक क्यानडाले भारतीय चुनावी हस्तक्षेपको छानबिन गरिरहेको सुझाव दिए, नयाँदिल्लीले आरोपहरूलाई तत्काल 'निराधार' भनेर जवाफ फर्कायो । 'अन्य देशको लोकतान्त्रिक प्रक्रियामा हस्तक्षेप गर्ने भारत सरकारको नीति होइन,' भारतीय विदेश मन्त्रालयले भन्यो । 'वास्तवमा यसविपरीत क्यानडाले हाम्रो आन्तरिक मामिलामा हस्तक्षेप गरिरहेको छ । यो विषयलाई हामीले उनीहरूसमक्ष बारम्बार उठाउँदै आएका छौं । हामी क्यानडालाई हाम्रा मूल सरोकारलाई सम्बोधन गर्न प्रभावकारी उपाय लिन निरन्तर आह्वान गर्छौं ।'

गत वर्ष क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले जुनमा भ्यानकुभरनजिकै गोली हानेर हत्या गरिएका शिख पृथक्तावादी नेता हरदीप सिंह निज्जरको हत्यामा भारत सरकार संलग्न रहेको आरोप लगाएपछि भारत-क्यानडा सम्बन्ध बिग्रिएको थियो । 'हालैका आरोपले सम्बन्धलाई अझ जटिल बनाउने सम्भावना छ । विशेषगरी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यस महिना सुरु हुने राष्ट्रिय निर्वाचनका लागि तयारी गरिरहेका छन् । चुनावले उनलाई लगातार तेस्रोपटक सत्तामा पुऱ्याउन सक्छ,' भिक्टोरिया विश्वविद्यालयकी राजनीतिशास्त्री तथा सेवानिवृत्त प्राध्यापक रिता ट्रेम्बलेले भनिन् ।

सिएसआइएसले क्यानडामा पाकिस्तानको विदेशी हस्तक्षेप 'मुख्यतया पाकिस्तानमा राजनीतिक, सुरक्षा र आर्थिक स्थायित्व बढाउन र भारतको बढ्दो विश्वव्यापी प्रभावलाई रोक्नका लागि' भनेको छ । मूल्यांकनका अनुसार इस्लामाबाद २०१९ र २०२१ को चुनावमा 'सीमित विदेशी हस्तक्षेपकर्ता' थियो । प्रतिवेदनमा भनिएको छ, 'विदेशमा पाकिस्तानको हस्तक्षेप गतिविधि यसको अशान्त घरेलु राजनीतिक, आर्थिक र सुरक्षा अवस्थाका साथै छिमेकी भारतसँगको लामो समयदेखिको तनावबाट प्रभावित छन् ।'

सारांशमा भनिएको छ कि अघिल्लो हस्तक्षेप गतिविधिमा पाकिस्तानले 'गुप्त रूपमा राजनीतिज्ञ र उम्मेदवारको चयनमा प्रभाव पार्ने र समर्थन बढाउने प्रयास समावेश छन्, जुन पाकिस्तान समर्थक वा भारतविरोधी मानिन्छन् ।' सिएसआइएसले लगाएको आरोपमा पाकिस्तानले अहिलेसम्म कुनै प्रतिक्रिया दिएको छैन । हालैको क्यानडाको चुनावलाई प्रभाव पार्ने बेइजिङको कथित भूमिका र हद पत्ता लगाउनु जारी अनुसन्धानको ठूलो भाग हो । आधिकारिक छानबिनअनुसार पछिल्लो दुई चुनावमा चीनले हस्तक्षेप गरेको क्यानडाको विदेशी खुफिया एजेन्सीले निष्कर्ष निकालेको छ । ट्रुडोको लिबरल पार्टीले २०१९ र २०२१ मा भएको चुनाव जित्यो । 'हामीलाई थाहा छ कि पिआरसी (पिपल्स रिपब्लिक अफ चाइना) ले २०१९ र २०२१ दुवै चुनावमा लुकेर र छलपूर्ण हस्तक्षेप गरेको छ,' सिएसआइएसले भन्यो ।

चीन क्यानडाको राजनीतिमा हस्तक्षेपको आरोपलाई अस्वीकार गर्छ । चीन-क्यानडा सम्बन्ध विगत धेरै वर्षदेखि तनावपूर्ण छ । सन् २०१८ मा क्यानडाली अधिकारीले हुवावे टेक्नोलोजीका कार्यकारी मेङ वान्झाउलाई संयुक्त राज्य अमेरिकाको गिरफ्तारी वारेन्टमा पक्राउ गरेपछि सम्बन्ध तनावपूर्ण बनेको हो । क्यानडाको चुनावमा विदेशी हस्तक्षेपको प्रतिरोध गर्न पर्याप्त काम नगरेको आरोप सामना गरेका ट्रुडोले बुधबार अनुसन्धानको एक भागको रूपमा प्रमाण पेस गर्ने अपेक्षा गरिएको छ ।

- अलजजिराका लागि युसेड सिद्दिकीको रिपोर्ट

इतिहासमा आज



अप्रिल १२

सन् १९६१ : सोभियत अन्तरिक्षयात्री युरी गागरिन अन्तरिक्ष पुग्ने पहिलो व्यक्ति बने । उनी भोस्तोक प्रथममा अन्तरिक्ष पुगेका थिए ।

सन् १८६१ : संयुक्त राज्य अमेरिकाबाट छुट्टिएको कन्फेडेरेट स्टेट अफ अमेरिकाको फौजले साउथ क्यारोलिनास्थित फोर्ट सम्टरमा आक्रमण गरेसँगै अमेरिकी गृहयुद्ध सुरु भयो ।

सन् १९२७ : कोमिन्ताङ नेता तथा चीनका तत्कालीन राष्ट्रपति च्याङ कोई-सेकले देशका कम्युनिस्ट समूहमाथि हिंसात्मक अभियान सुरु गरे ।

सन् १९४५ : अमेरिकाको इतिहासमा सबैभन्दा लामो समय राष्ट्रपति रहेका फ्रांकलिन डी. रुजबेल्टको पदमै हुँदा मृत्यु भयो । रुजबेल्टका उपराष्ट्रपति ह्यारी ट्रुम्यान देशका नयाँ (३३ औं) राष्ट्रपति बने ।

सन् १९५५ : जोनास साल्कले परीक्षण गरेको पोलियो खोप पूर्णरूपमा सुरक्षित भएको घोषणा भएसँगै 'युएस फुड एन्ड ड्रग्स एडमिनिस्ट्रेसन'ले यसलाई आमप्रयोगका लागि स्वीकृति दियो ।

सन् १९८० : क्यान्सरका कारण एउटा खुट्टा गुमाएका क्यानडेली नागरिक टेरी फक्सले क्यान्सरबारे जनचेतना फैलाउन 'म्याराथन अफ होप' सुरु गरे ।

सन् २००२ : ह्युगो चाभेजविरुद्ध भएको छोटो सैन्य कुका क्रममा पेड्रो कारमोना देशका अन्तरिम राष्ट्रपति बने ।

सन् २०२३ : घाना अक्सफोर्ड विश्वविद्यालयले बनाएको मलेरियाको नयाँ खोप मोस्क्विरिक्स-आरटिएसलाई स्वीकृति दिने पहिलो देश बन्यो ।

भ्रष्टाचार मुद्दामा दोषी भियतनामी व्यापारीलाई मृत्युदण्ड



हनोई / एकजना भियतनामी घरजग्गा व्यापारीलाई देशको सबैभन्दा ठूलो जालसाजी मुद्दामा संलग्नता भएकोमा मृत्युदण्डको सजाय दिइएको छ । घरजग्गा निर्माता भान थिन्ह फाटकी अध्यक्ष ट्रुओङ माईलाई बिहीबार घुसखोरी, रकम हिनामिना र बैंकिङ नियम उल्लंघनको मुद्दामा दोषी पाइएकी थिइन् । देशमा व्यापक चर्चा पाएको यस प्रकरणमा ६७ वर्षीया लानले झन्डै १२.५ अर्ब डलर रकम हिनामिना गरेको अनुसन्धानबाट देखिएको भए पनि यस घोटालामा कुल २७ अर्ब डलरको क्षति पुगेको अभियोजनकर्ताले मिडियालाई बताएका छन् ।

लानले ११ वर्षको अवधिमा भियतनामको ठूलो बैंक साइगोन कमर्सियल बैंकबाट अनधिकृत रूपमा अर्बौं डलर रकम निकाले पनि पाइएको थियो । लानले उक्त बैंकबाट ४४ अर्ब डलर ऋण लिएको, तर तीमध्ये २७ अर्ब फिर्ता हुन कठिन रहेको अभियोजनकर्ताले बताएका छन् । देशमा सबैभन्दा ठूलो यस प्रकरणबाट ४२ हजार पीडित भएका छन् । अभियोजनकर्ताले लानसँग सम्बन्धित एक हजार सम्पत्ति जफत गरेको छ ।

बिबिसीका अनुसार यस प्रकरणमा २७ सयको बयान लिइएको थियो । १० जना अभियोजनकर्ता र करिब २०० जना वकिलहरू यस मुद्दामा संलग्न छन् । लानविरुद्ध बरामद भएका प्रमाण १०४ वटा बाकसमा जम्मा गरिएको थियो ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Project Office of Urban Development and Building Construction, Kathmandu
Babarmahal, Kathmandu

Invitation for Bids

Date of publication: 2080/12/30

Project Office of Urban Development and Building Construction (PUDBC), Kathmandu invites electronic bids from eligible bidders for the following work under NCB Single Stage Double Envelope bidding procedure. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

S. N.	IFB No.	Name of Project	Document Fee NRs.	Bid Security NRs.
1	PUDBC/KTM/BAS/NCB/WORKS-103/080/81	Construction of Mangala-Sailaja Memorial Building at Tokha Municipality-6, Kathmandu	5,000.00	14,44,000
2	PUDBC/KTM/SGN/NCB/WORKS-104/080/81	Integrated Urban Infrastructure Development Works of Panauti Municipality, Kavre	10,000.00	26,00,000

Project Chief

Gandaki Province Government
Ministry of Energy, Water Resources and Water Supply
Water Resources and Irrigation Development Division Office
Parbat District, Nepal

Notice for Invitation of Online Bids

Date of publication: 2024-04-12 (2080-12-30 BS)

This is to notify you that an online Invitation for Bids (IFB) is published for the following Irrigation projects on 2024-04-12 (2080-12-30 BS) in the e-GP system (https://bolpatra.gov.np/egp) of the government of Nepal. Eligible bidders are invited to submit their bids electronically (hard copies are not allowed). For further Details, Bidders are requested to visit the WRIDDO, Kusma, Parbat, or PPMO's website https://bolpatra.gov.np/egp.

Details of Works:

S. N.	Contract I. D	Description and Location of Work	Estimated Amount (Without VAT and PS) (NRs)	Fee for bid document (NRs)	Bid Security amount in (NRs)
1.	DIP/WRIDDOP /05/080/81	Construction of Canal Lining and Protection works at Dhuwa Khola Irrigation Project, Falewas-05, Parbat	91,53,096.02	3000.00	2,90,000
2	JIP/WRIDDOP /06/080/81	Construction of Canal Lining and Protection works at Jahare Irrigation Project, Kushma-11, Parbat	91,44,747.71	3000.00	2,90,000

Division Chief

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Federal Water Supply and Sewerage Management Project, Nepalgunj

INVITATION FOR BID

First Date of Publication : 12th April, 2024 (2080/12/30)

1. Federal Water Supply and Sewerage Management Project, Nepalgunj invites electronic bid from eligible bidders for the following work under National Competitive Bidding (NCB) - Single Stage Two Envelope Bidding procedure.

S.N.	Contract ID No.	Name of Work	Bid Security Amount (NRs)	Bid Validity Period	Cost of Bidding Document (NRs)
1	01/2080-81/CF/FWSSMP-NEPALGUNJ	Construction Work of Amritpur Co-financing Water Supply and Sanitation Project, Dang	6,500,000.00	120 days	20,000.00

2. Any conditions not covered shall be as per Public Procurement Act 2063 and Public Procurement Regulation, 2064. Any amendments in tender notice shall be published in www.bolpatra.gov.np/egp.
3. Eligible bidders may obtain further information from the office of Federal Water Supply and Sewerage Management Project, Nepalgunj or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

Project Chief

Bagmati Province Government
Ministry Of Social Development
Public Construction Implementation Unit, Bhaisepati, Kavre

Invitation for Bids

First Date of publication: 2080/12/30(12/04/2024)

Public Construction Implementation Unit invites electronic bids from Nepalese eligible bidders for the following works as mentioned in the table below under National Competitive Bidding-**Single Stage Two Envelope Bidding procedures**.

Only eligible bidders with the following key qualifications should participate in this bidding:

- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs 8,71,00,000/-
- Minimum Work experience of similar size and nature: At Least one RCC Framed Structure Building Contract within the last 10 years with the value of at least NRs.7,00,00,000/-

The name and identification of contract under single stage one envelop bidding procedure are as follows:

S.N.	Contract ID	Name of Project	Bid Security Amount (NRS.)	Cost of Bid document
1.	PCIU/NCB/WORKS/ 22/080-081	Construction of Dinesh Ramji Bahuprabidhik Shikshyalaya Chautara-05,Sindhupalchowk (Second Phase)	32,00,000/-	10000

Last Date of Bid Submission: 12:00 noon on 2081/01/30 (12/05/2024)

Date of Bid Opening: 14:00 hrs on 2081/01/30 (12/05/2024) at the office of Public Construction Implementation Unit.

All other information and bid document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp.All eligible bidders are requested to submit E-Bid only as per instruction within the mentioned period.

Unit Chief

ऋषिङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरी भञ्ज्याङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल

विद्युतीय बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१२/३०

यस गाउँपालिकाको आ.व. २०८०/८१ को लागि स्वीकृत वार्षिक कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्य गराउनुपर्ने आवश्यक भएकोले नेपाल सरकारबाट इजाजतपत्र प्राप्त योग्य नेपाली निर्माण व्यवसायीहरुबाट बोलपत्र सम्बन्धी कागजात खरिद गर्न रु. ३००० यस कार्यालयको नाममा रहेको कुमारी बैंक ऋषिङ्ग शाखा स्थित सञ्चित कोष खाता नं.- ग ४ १ - ०८३००३४५५४१०००० मा जम्मा गरि सो सक्कल भौचर, साथै जमानत रकम यस कार्यालयको नाममा रहेको कुमारी बैंक ऋषिङ्ग शाखा स्थित धरौटी खाता नं.- ग ३ - ०८३००३४५५४१०००० मा जम्मा गरि सक्कल भौचर सहित वा नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट बोलपत्र जमानतपत्र (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट घटीमा ९० दिन र थप ३० दिन म्याद भएको) २०८१/०१/३१ गते १२:०० बजे सम्ममा आवश्यक कागजपत्र विद्युतीय प्रणाली मार्फत बुझाउनु हुन अनुरोध गरिन्छ । साथै टेन्डर सोही दिन १३:०० मा बोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ । सो समयमा कुनै पनि बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

थप जानकारीको लागि www.bolpatra.gov.np/egp मा वा ९८५६०६३६८५ मा सम्पर्क गर्न सकिन्छ ।

क्र.स	ठेक्काको नाम	ठेक्का न.	ठेक्का रकम	जमानत रकम	बोलपत्रको दस्तुर
१	Construction of Baldevi Pra. Vi., Rishing-3	07/RRM/THN/NCB/WORKS/2080-81	६४,७२,८२१.०५ (भ्याट र कन्टिन्जेन्सी बाहेक)	१,८७,५००.००	३०००

प्रमुख प्रशासकीय अधिकृत

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार ३० चैत ०८०

नबिल बैंक लिमिटेड, पोखरा शाखा, कास्की तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/१२/३०)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेतागर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ताभुक्तानगर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ताभुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी तथा अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा ऋणकर्जा रकम ऋणी तथा जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलामबिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी तथा जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ताभुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

१ **ऋणीको नाम र ठेगानाको विवरण**

चन्द्र बहादुर बलामीको नाति बिर बहादुर बलामीको छोरा मकवानपुर जिल्ला चित्लाङ्ग गा.वि.स वडा नं.३ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३२ बस्ने, ना.प्र.नं. ३११०३२/५४३१३ (जारी मितिः २०६५/०८/११, स्थान मकवानपुर) भएका **श्री सुनिल बलामी ।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

लिल बहादुर थापाकी छोरी बिर बहादुर बलामीकी बुहारी सुनिल बलामीकी श्रीमती कास्की जिल्ला भरतपोखरी गा.वि.स वडा नं. २ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३२, ना.प्र.नं. ४६-०१-७१-०११२१ (जारी मितिः २०७१/०२/०५, स्थान कास्की) भएकी **श्रीमती संगीता थापा ।**

ऋणी फर्म तथा फर्मका प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग कास्कीमा मिति २०६९/०४/२२ मा प्रा.फ.र.नं. ५९१०/०६९/०७० स्था व्या अन्तर्गत दर्ता भएको **श्री शुभ लक्ष्मी श्रृगांर स्टोर्स ।**

ठेगानाः कास्की जिल्ला पोखरा उप-महानगरपालिका वडा नं. ३, तेर्सापट्टी, कास्की ।

ऋणी फर्मका प्रोपाइटरको नाम र ठेगानाको विवरणः

रामलक्ष्मण प्रसाद साहकी छोरी राम बाबु साहकी बुहारी सुरेश नारायण साहकी श्रीमती रौतहट जिल्ला गढो गा.वि.स वडा नं. ७ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३ बस्ने, ना.प्र.नं. ३३१ (जारी मितिः २०४४/११/१३, स्थान रौतहट) भएकी **श्रीमती बेबी कुमारी ।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. राम अवतार साहको नाति राम बाबु साहको छोरा सर्लाही जिल्ला रामवन गा.वि.स वडा नं. १ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३ बस्ने, ना.प्र.नं. ७६७२०७८ (जारी मितिः २०५०/१०/०५, स्थान सर्लाही) भएका **श्री सुरेश नारायण साह ।**

२. राम बाबु साहको नाति सुरेश नारायण साहको छोरा सर्लाही जिल्ला मलंगवा न.पा वडा नं. ८ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३ बस्ने, ना.प्र.नं. १९-०१-७३-०४७३९ (जारी मितिः २०७३/०४/१७, स्थान सर्लाही) भएका **श्री आर्यन नारायण साह ।**

३. राम बाबु साहको नातिनी सुरेश नारायण साहको छोरी सर्लाही जिल्ला रामवन गा.वि.स वडा नं. १ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३ बस्ने, ना.प्र.नं. १९-०१-७०-००३४५ (जारी मितिः २०७०/०४/२५, स्थान सर्लाही) भएका **सुश्री मुन्नि गुप्ता ।**

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

Your Financial Friend

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
केन्द्रिय कार्यालय, चारखाल रोड, डिल्लीबजार, काठमाडौं
फोन नं.: ०१-४५३७४०१, फ्याक्स नं.: ०१-४०११५२५
Email: info@gurkhasfinance.com.np, Web site: www.gurkhasfinance.com.np

Interest Rate with Effective from 2081.01.01 (13th April 2024)

Fixed Deposit	Monthly/Quarterly/Yearly/Maturity Interest Payment		
	Individual	Individual (Remit)	Institutional
3 Months	8.15%	9.15%	-
6 Months	8.25%	9.25%	7.00%
9 Months	8.35%	9.35%	7.05%
12 Months to Below 24 Months	8.50%	9.50%	7.50%
24 Months and above	8.75%	9.75%	7.75%

SAVING DEPOSIT

Savings Deposits	Minimum Balance Rs.	Interest Rate
Bal Bachat	100.00	5.50%
Regular Saving	200.00	5.50%
Payroll Savings	0.00	5.50%
Couple Saving	200.00	5.50%
Welfare Saving	0.00	5.50%
Student Savings	200.00	5.50%
Non-profitable org. saving	1,000.00	5.50%
Shareholders Savings	200.00	5.50%
Staff Saving	200.00	5.50%
Nari Bachat	250.00	6.00%
Jestha Nagarik	250.00	6.00%
Gurkha Pension Savings	5,000.00	6.50%
Special Savings	5,000.00	6.50%
Remittance Saving	200.00	7.50%
Corporate Flexible saving	1,000.00	Up to 2.75%

Loans and Advances	Interest Rate
Home Loan	BR + Up to 7%
Personal Loan(OD/Term)	BR + Up to 7%
Share Loan	BR + Up to 7%
Gold Loan	BR + Up to 7%
Business/Working Capital Loan	BR + Up to 7%
Agriculture/SME/Education Loan	BR + Up to 7%
Small Farm Individual Loan	BR + Up to 7%
Hire Purchase	BR + Up to 7%
Real Estate Loan	BR + Up to 7 %
Professional Loan/Bridge Gap Loan	BR + Up to 7%
Loan Against FD	Coupon rate + Up to 2 % or BR whichever is higher
Consortium Loan	As per Consortium Decision
Indirect Lending (Wholesale or Institutional)	Base Rate + Up to 2%
Direct lending (All types)	Base Rate + Up to 7%
Base rate of Falgun end, 2080	11.26%
Spread Rate (2080 Falgun)	4.56%

Fixed Interest Rate Loan (For Individual)	Up to 5 years	5 years to 10 Years	Above 10 Years
Home Loan	13.00%	13.50%	14.00%
Auto Loan/HP Loan	13.00%	13.50%	-
Other Retail Loan	13.00%	13.50%	14.00%

■ वर्ष २०८० मा सेयर बजार

नीतिगत लचकतापछि पनि देखिएन उत्साह

अस्वाभाविक उतारचढावले लगानीकर्ताको मनोबल बढेन, अर्थतन्त्रको सुधारसँगै वर्ष ०८१ सकारात्मक रहने आशा

भोजराज भण्डारी/नयाँ पत्रिका

वर्ष ०८१ मा नेपालको सेयर बजार कस्तो रहला ? अर्थतन्त्रले क्रमशः सुधारको बाटो समातिरहेका वेला सेयर बजारप्रति लगानीकर्ताको आशा पनि उत्तिकै छ । तर, नयाँ वर्षमा पनि ०८० कै जस्तो उतारचढावपूर्ण हुने त होइन भन्ने चिन्ता पनि लगानीकर्तामा देखिएको छ ।

वर्ष ०८० मा नेपालको सेयर बजारमा उतारचढाव देखियो । ०८० वर्षको पहिलो कारोबार दिन ३ वैशाखमा नेप्से परिसूचक ०.१४ प्रतिशतले घटेको थियो । उक्त दिन नेप्से परिसूचक २.८० अंकले घटेर १९३१.६८ विन्दुमा झरेको थियो भने वर्षको अन्तिम कारोबार दिन बुधबार नेप्से परिसूचक ०.५२ प्रतिशतले घट्यो । उक्त दिन नेप्से परिसूचक १०.३० अंकले घटेर २०१६.३४ विन्दुमा झऱ्यो ।

अघिल्लो वर्ष ३० चैतमा नेप्से परिसूचक एक हजार नौ सय ३४ दशमलव ४७ विन्दुमा पुगेर बिट मारेको थियो भने यस वर्षको सेयर बजारले दुई हजार २५ दशमलव ३० विन्दुबाट बिट मारेको छ । यसबीचमा नेप्से सूचक ४ दशमलव ७ प्रतिशतले बढेको छ । यो एक वर्षको बीचमा नेप्से सूचक उच्चतम विन्दुमा ७ साउनको कारोबारमा दुई हजार दुई सय २७ दशमलव ७१ विन्दुमा पुगेको थियो । त्यसभन्दा यता नेप्से सूचक माथिल्लो विन्दुमा पुग्न सकेन । न्यूनतम विन्दु ९ जेठमा एक हजार आठ सय १८ दशमलव ३१ विन्दुसम्म झरेको थियो ।

पुँजी बजारका मुख्य तीन क्षेत्रहरू- लगानीकर्ता, ब्रोकर र नियामक निकायले यो वर्षलाई मिश्रित अवस्थाका रूपमा लिएका छन् । देशको आर्थिक अवस्था, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिस्थितिजस्ता कारणले बजारलाई प्रभावित बनाइरह्यो । यो वर्षको अवधिमा ६ खर्ब १९ अर्ब ४१ करोड ५९ लाख रुपैयाँको कारोबार भएको छ । बजार पुँजीकरण २८ खर्ब १८ अर्ब रुपैयाँबाट बढेर ३२ खर्ब १२ अर्ब रुपैयाँ पुगेको छ । यसबीचमा बजार पुँजीकरण तीन खर्ब ९३ अर्ब ४० करोड रुपैयाँले बढेको छ ।

■ कसिलो नीतिले असन्तुष्ट लगानीकर्ता

सरकारले पुँजी बजारको क्षेत्रमा ल्याएको कसिलो नीतिले लगानीकर्ताले ठूलो मर्का खेप्नुपरेको थियो । विशेष गरी सेयर धितोकर्जामा लगाइएको सीमाले लगानीकर्ता सबैभन्दा बढी असन्तुष्टि रहेको थियो । एक व्यक्ति वा संस्थाले एक वित्तीय संस्थाबाट चार करोड रुपैयाँ र समग्र संस्थाबाट अधिकतम १२ करोड रुपैयाँ मात्र लिन पाउने राष्ट्र बैंकको नीतिले पुँजी बजार खुम्चिन पुगेको लगानीकर्ताको दाबी थियो । गत साउनबाट सरकारले कसिलो नीतिलाई केही सुधार गरेर चार करोडको सीमा कर्जा हटाएर १२ करोड रुपैयाँलाई मात्रै निरन्तरता दियो । त्यसपछि, मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत १२ करोडको कर्जा सीमा बढाएर १५ र समग्रमा २० करोड रुपैयाँ पुऱ्याइएको छ । त्यस्तै, ठूलो सेयर धितो कर्जामा जोखिमभार १ सय ५० प्रतिशत कायम गरिएकोमा पहिलो त्रैमासिक समीक्षामार्फत १ सय २५ मा झारियो । अहिले पनि यही कायम छ ।

त्यस्तै, धितोपत्र बोर्डले म्युचुअल फन्डरूलाई निर्देशन जारी गर्दै आइपिओ निष्कासनमा पाउने ५ प्रतिशत सेयर सर्वसाधारणलाई निष्कासन भएको ६ महिनासम्म बेच्न नपाउने व्यवस्था गऱ्यो । यसले बजारमा आउन सक्ने आपूर्तिलाई नियन्त्रण गरेको लगानीकर्ता बताउँछन् । यो वर्ष करिब एक दर्जनभन्दा बढी प्रिमियम मूल्यमा सार्वजनिक सेयर निष्कासन भएका छन् । यसले समग्र बजारमा पुँजी बढे पनि विवादित बन्न पुगेको थियो ।

विशेष गरी कमजोर वित्तीय विवरण भएका कम्पनीलाई निष्कासनको अनुमति दिएर लगानीकर्ताले ठगिरहेको आरोप लागेको छ । त्यसलाई सुधार गर्दै वर्तमान अर्थमन्त्रीले प्रिमियम आइपिओलाई तत्काल अनुमति नदिने र अध्ययनपछि निर्णय लिने तयारी रहेका छन् ।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

Global Remit





सकारात्मक हुन सक्ने केही आधार तयार भएका छन्

■ **धर्मराज सापकोटा**, अध्यक्ष, स्टक ब्रोकर्स एसोसिएसन नेपाल

यो वर्षको सेयर बजारमा आशाभन्दा बढी निराशा देखियो । अहिले उत्साह नदेखिए पनि आगामी दिनमा सकारात्मक हुन सक्ने केही आधार तयार भएका छन् । अर्थतन्त्र सुधारोन्मुख छ, बजारलाई नीतिगत सुधार गरेर लैजाने बहस भएको हुँदा आशावादी छौं ।

■ सुधारको प्रयास

सरकारले पुँजी बजारलाई सही दिशामा ल्याउनका लागि विभिन्न प्रयास पनि गरेको छ । पुँजी बजारमा नयाँ ब्रोकर थपेर लगानीकर्तालाई सहजीकरण गरेपछि अहिले नेपाल धितोपत्र बोर्ड र अर्थ मन्त्रालय ब्रोकर कमिसन घटाउने तयारीमा जुटेका छन् । करिब १० प्रतिशतले ब्रोकर कमिसन घटाउँदा लगानीकर्तालाई ठूलो उपलब्धि हुनेछ । त्यस्तै, निकै पेचिलो बनेको नयाँ स्टक एक्सचेन्जको विषयमा पनि सरकारले अध्ययन समिति बनाएको छ । राष्ट्र बैंकका पूर्वडेपुटी गभर्नर चिन्तामणि सिवाकोटीको नेतृत्वमा अध्ययन समितिले प्रतिवेदन बुझाउने अन्तिम तयारी गरेको छ ।

त्यस्तै, अर्थमन्त्रीमा वर्षमान पुनले सुरुवाती समयमै पुँजी बजारमा देखिएको समस्या समाधान र सुधारसहितको कार्ययोजना मागेका थिए र सोहीअनुसार नियामक निकायले पनि सुझावसहित अर्थ मन्त्रालयमा बुझाएका छन् । उनले प्राप्त सुझावका आधारमा नयाँ कदम चाल्न सकेको खण्डमा आगामी दिनमा पुँजी बजारको क्षेत्रमा नयाँ आयाम थपिने सेयर लगानीकर्ता देव गुरुङले बताए । उनले भने, 'यो वर्ष उल्लेख्य केही सुधार नभए पनि आगामी वर्ष पुँजी बजारको क्षेत्र अहिलेकै अवस्थामा रहँदैन त्यसमा आर्थिक र राजनीतिक फ्याक्टरहरूले बोल्ड निर्णय लिनेछन् भन्ने लाग्छ ।'

यो वर्षको सेयर बजारलाई आशाभन्दा पनि बढी निराशा नै रहेको स्टक ब्रोकर एसोसिएसनका अध्यक्ष धर्मराज सापकोटाले बताए । यो वर्ष धेरै आशा नभए पनि आगामी दिनमा सकारात्मक हुन सक्ने आधार तयार भएका उनले बताए छन् ।

यो वर्षमा लगानीकर्तालाई आशा बढाउन सकिएको धितोपत्र बोर्डका उपकार्यकारी निर्देशक अम्बिका गिरीले बताए । आगामी वर्ष अझ पुँजी बजारको हितमा रहेर काम गर्ने उनले बताए ।

हाइड्रो एक्स्पोको तयारी तीव्र

काठमाडौं/ चौथो संस्करणको 'हिमालयन हाइड्रो एक्स्पो, २०२४' को तयारी अन्तिम चरणमा पुगेको छ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) र एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिसेज प्रालिको संयुक्त आयोजनामा आगामी १२, १३ र १४ वैशाख (अप्रिल २४, २५ र २६)मा हुने एक्स्पोको तयारी अन्तिम चरणमा पुगेको हो । 'समृद्धिका लागि हरित ऊर्जा' भन्ने नारासहित आयोजना गर्न लागिएको यो एक्स्पोको उद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलबाट गर्ने तयारी भइरहेको इप्पानले जनाएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र लगानी बोर्ड नेपालको संरक्षकत्वमा आयोजना हुने हाइड्रो एक्स्पोको कन्ट्री पार्टनरमा भारतीय राजदूतावास रहेको छ ।

नेपाल सरकारले भारतमा १० वर्षमा १० हजार मेगावाट विद्युत् दीर्घकालीन रूपमा निर्यात गर्ने सम्झौता गरिसकेको छ । यसका अलावा सन् २०३५ भित्र २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने मार्गचित्र निर्माण भइसकेको तथा तेस्रो लगानी सम्मेलनको पूर्वसन्ध्यामा आयोजना हुने यो एक्स्पो ऊर्जा क्षेत्रको समग्र विकासका लागि महत्त्वपूर्ण हुने इप्पानद्वारा जारी गरिएको प्रेस विज्ञप्तिमा उल्लेख छ । एक्स्पोमा ऊर्जा विकाससँग सरोकार राख्ने सरकारी, गैरसरकारी, स्वदेशी तथा विदेशी लगानीकर्तालगायतको सहभागिता रहनेछ ।

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.

डिल्लीबजार, गुरुङको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।
फोनः ४४२२०३८, ४४२६१४६, ४४१५३४४, फ्याक्सः ९७७-१-४४२१७७९
E-mail: info@shreefinance.com.np, Website:www.shreefinance.com.np

वि.स. २०८१ वैशाख १ गतेदेखि लागू हुने ब्याजदर

निक्षेप तर्फ

क) मुद्दती निक्षेप — **बार्षिक ब्याजदर**

अवधि	व्यक्तिगत	संस्थागत
३ देखि ६ महिना	७.५०%	६.५०%*
१ वर्ष देखि २ वर्ष सम्म	८.००%	७.००%
२ वर्ष भन्दा माथि	८.३०%	७.३०%

*६ महिना अवधि

ख) बचत निक्षेप — ५.५०%-६.७५%

ग) क्रमिक बचत खाता — ८.००%

कर्जा तर्फ

क) कर्जा शिर्षकहरु	ब्याजदर
१. रियल स्टेट कर्जा	आधारदर + ५.९९% सम्म प्रिमियम थप
२. आवास कर्जा	
३. शैक्षिक कर्जा	
४. शेयर धितो कर्जा	
५. व्यवसायिक कर्जा	
६. व्यक्तिगत कर्जा	
७. ओभरड्राफ्ट कर्जा	
८. हायर पर्चेज कर्जा	
९. विपन्न वर्ग कर्जा :	
क) थोक	आधारदर + २% सम्म प्रिमियम थप
ख) व्यक्तिगत	आधारदर + ५.९९% सम्म प्रिमियम थप
१०. सहुलियतपूर्ण कर्जा	नेपाल राष्ट्र बैंकको निर्देशानुसार
११. मुद्दती रसिद धितो कर्जा	ब्याजदर + २% सम्म थप

ख) स्थिर ब्याजदर

विवरण	समयावधि	ब्याजदर
व्यक्तिगत आवधिक कर्जा	५ देखि १५ वर्षसम्म	१६.००%

औसत आधारदर १२.१३ %

(नोटः वैदेशिक रोजगारीमा रहेका नेपालीको बैंकिङ्ग प्रणालीबाट प्राप्त भएको निक्षेपमा माथि उल्लेखित ब्याजदरमा १% थप गरी प्रदान गरिनेछ ।)

ब्याज निर्धारण गर्दा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार एउटै प्रकृतिको कर्जाको ब्याजदर अन्तर २ प्रतिशत बिन्दुभन्दा फरक नपर्ने गरि व्यवस्था गरिनेछ ।

आर्थिक वृद्धिदर ३.६ प्रतिशत पुग्ने एडिबीको प्रक्षेपण

नयाँ पत्रिका

एसियाली विकास बैंक (एडिबी)ले चालू आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर ३.६ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ । एडिबीको प्रकाशन 'एसियाली विकास परिदृश्य-२०८०' ले यस्तो प्रक्षेपण गरेको हो । यो प्रक्षेपण गत आर्थिक वर्ष ०७९/८० को अनुमानित १.९ प्रतिशत वृद्धिको तुलनामा बढी हो ।

'मौद्रिक नीतिमा क्रमिक लचकतासँगै उपभोक्ता र लगानीकर्ताको आत्मविश्वासमा सुधारसँगै आर्थिक गतिविधि प्रोत्साहित हुने अपेक्षा गरिएको छ,' नेपालका लागि एडिबीका राष्ट्रिय निर्देशक आर्नो कोस्वाले भने, 'यसका अतिरिक्त, सरकारले आर्थिक वर्षको पछिल्लो ६ महिनामा पुँजीगत खर्चमा दिएको तीव्रता र आर्थिक वर्ष ०८०/८१ को अन्त्यसम्म थप जलविद्युत् परियोजनाको उत्पादन सुरु भई आर्थिक वर्ष ०७९/८० मा औद्योगिक वृद्धि बढ्दै जाने प्रक्षेपण गरिएको छ ।'

कर्जा नियन्त्रणमा सहजता, ब्याजदरमा थप गिरावट र पर्यटन आयमा विस्तारले सेवा क्षेत्रको वृद्धिले पनि गति दिनेछ । धान उत्पादनमा वृद्धि भए पनि हिउँदे वर्षाको कमीका कारण हिउँदे बाली र अन्य कृषि उत्पादनमा आएको कमीले कृषि क्षेत्रमा पनि आर्थिक वर्ष ०७९/८० को २.७ प्रतिशतको तुलनामा २.८ प्रतिशतको वृद्धि हुन सक्नेछ । मनसुनी अनुकूलता बढ्दै गइरहेको र विभिन्न बालीको उपयोगले कृषिमा सुधार हुने अपेक्षा छ । चालू आर्थिक वर्षको पहिलो पाँच महिनाको उच्च ब्याजदर र आयातको अवरोधले उद्योग क्षेत्रमा ०.६ प्रतिशतले मात्रै वृद्धि हुने प्रक्षेपण छ । बढ्दो विद्युतीकरणले ऊर्जा क्षेत्रमा भने १९.४ प्रतिशतले वृद्धि हुने अनुमान छ । एडिबीले आगामी आर्थिक वर्षमा ४.८ प्रतिशतले आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको छ ।

एसियन डेभलपमेन्ट आउटलुक ०८०/८१ का अनुसार पेट्रोलियमको मूल्यमा देखिएको गिरावट र भारतमा मुद्रास्फीति न्यूनीकरणसँगै नेपालमा औसत मुद्रास्फीति आर्थिक वर्ष ०७९/८० को ७.७ प्रतिशतको तुलनामा आर्थिक वर्ष ०८०/८१ मा ६.५ प्रतिशतमा झर्ने प्रक्षेपण छ ।

बाह्य क्षेत्र जोखिम सापेक्ष रूपमा नियन्त्रणमा रहेको छ । आर्थिक वर्ष ०८०/८१ को पहिलो ६ महिनामा बचतमा रहे पनि चालू खाता पुनः घाटामा जान सक्ने देखिन्छ । अघिल्लो आर्थिक वर्षको पहिलो ६ महिनासँग तुलना गर्दा वार्षिक व्यापार घाटा आर्थिक वर्ष ०८०/८१ मा ४.७ प्रतिशतले घटेको छ भने सो अवधिमा विप्रेषण आप्रवाह २२.६ प्रतिशतले वृद्धि भएको छ भने चालू खाता बचत १.२ बिलियन अमेरिकी डलर पुगेको छ ।

यद्यपि, यस आर्थिक वर्षको बाँकी अवधिमा उच्च आयात र स्थिर रेमिट्यान्स आप्रवाहले आर्थिक वर्ष ०८०/८१ मा चालू खाता घाटा कुल गार्हस्थ्य उत्पादनको ०.७ प्रतिशत प्रतिशत पुग्ने प्रक्षेपण छ ।

'विश्व अर्थतन्त्रमा देखा पर्न सक्ने शिथिलताले नेपालको पर्यटन तथा विप्रेषणप्राप्तिमा प्रभाव पर्न गई आर्थिक वर्ष ०८०/८१ को आर्थिक परिदृश्यमा ह्रास आउने जोखिम रहेको छ,' एडिबीका प्रमुख अर्थशास्त्री इयान हासिनले भने ।

गहिरिँदो भूराजनीतिक हलचलले आपूर्ति शृंखला हुन सक्ने अवरोधले विश्वव्यापी मुद्रास्फीति र वित्तीय अवस्थामा कडाइ सिर्जना गर्न सक्छ । यसले आन्तरिक मौद्रिक नीति कसिलो बनाउन प्रेरित गर्नुका साथै लगानी र उपभोगमा ह्रास आई आर्थिक वृद्धिलाई तल धकेल्न सक्ने प्रतिवेदनमा उल्लेख छ ।

भारतमा मुद्रास्फीति दर र अन्तर्राष्ट्रिय पेट्रोलियम पदार्थ मूल्यमा स्थिरता आउने अनुमानले चालू आर्थिक वर्षमा नेपालको मुद्रास्फीति ६.५ प्रतिशत र आगामी आर्थिक वर्षमा ६ प्रतिशत कायम रहने एडिबीको अनुमान छ ।

ADB

एडिबीको रिपोर्ट भन्छ– नेपाली अर्थतन्त्र क्रमशः सुधारोन्मुख, चुनौती कायमै

माथिल्लो अरुण र दुधकोशी परियोजनाको वित्तीय व्यवस्थापन छिटो सक्ने सहमति

काठमाडौं/ सरकार र दुई ठूला जलविद्युत् आयोजना माथिल्लो अरुण र दुधकोशीका प्रमुख वित्तीय व्यवस्थापक विश्व बैंक र एसियाली विकास बैंकबीच आयोजना निर्माणको काम यथाशीघ्र थाल्ने सहमति भएको छ ।

अर्थमन्त्री वर्षमान पुन, ऊर्जामन्त्री शक्तिबहादुर बस्नेत, अर्थ मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरे, ऊर्जासचिव सुशीलचन्द्र तिवारी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, विश्व बैंकका नेपाल, माल्दिभ्स र श्रीलंका हेर्ने निर्देशक फारिस हजाद जर्भोस (भर्चुअल रूपमा) तथा एसियाली विकास बैंकका नेपाल निर्देशक अर्नाउड काउचियोसबीच बिहीबार अर्थ मन्त्रालयमा भएको छलफलमा दुवै आयोजनाको वित्तीय व्यवस्थापन छिटो सकेर निर्माणको काम अघि बढाउने सहमति भएको हो । छलफलमा आयोजनाको वित्तीय व्यवस्थापन र आयोजना कार्यान्वयनको क्षमता अभिवृद्धिबारे विस्तृतमा छलफल भएको छ । छलफलमा दुवै आयोजनाको पूर्वतयारीका लागि सम्पन्न गरिएका कामबारे प्रस्तुत गरिएको छ ।

संखुवासभाको भोटखोला गाउँपालिकामा निर्माण हुने एक हजार ६३ मेगावाटको अर्धजलाशययुक्त माथिल्लो अरुणको विश्व बैंकले वित्तीय व्यवस्थापन गर्नेछ ।

त्यस्तै, खोटाङ, ओखलढुंगा तथा सोलुखुम्बुको सिमानामा पर्ने दुधकोशी नदीस्थित रभुँवाघाटबाट निर्माण हुने ६ सय ३५ मेगावाटको जलाशययुक्त दुधकोशी जलविद्युत् आयोजनाको एसियाली विकास बैंक नेतृत्वको सहवित्तीयकरणमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाको सहुलियतपूर्ण ऋण र स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट गरी ७० प्रतिशत ऋण लगानी जुटाउनुका साथै ३० प्रतिशत स्वपुँजी (इक्विटी)बाट वित्तीय व्यवस्थापन गर्ने तयारी छ । बैठकमा आयोजनास्थलमा जारी निर्माणपूर्वका तयारी कार्यबारे अवगत गराइएको थियो ।

'सिद्धार्थ सडक खाना महोत्सव'को तयारी पूरा

आर्थिक क्षेत्रलाई चलायमान बनाउन तथा पर्यटन प्रवर्द्धन मुख्य उद्देश्य

भैरहवामा **दीपेश पछाई**

नयाँ वर्ष ०८१ को स्वागतार्थ भैरहवामा सञ्चालन हुन लागेको 'सिद्धार्थ सडक खाना महोत्सव-२०८०' को तयारी पूरा भएको छ।

होटेल तथा रेस्टुरेन्ट व्यवसायी संगठन, रुपन्देहीको आयोजना तथा विभिन्न संघ-संस्थाको समन्वयमा हुन लागेको सडक खाना महोत्सवको सम्पूर्ण तयारी पूरा भएको संगठनका अध्यक्ष रामप्रसाद पोखरेलले जानकारी दिए।

भैरहवाको आँखा अस्पताल रोडमा हुन लागेको सडक खाना महोत्सवमा विभिन्न प्रकारका खानाका परिकारसँगै सांगीतिक कार्यक्रम पनि हुने अध्यक्ष पोखरेलले बताए।

आर्थिक क्षेत्रलाई चलायमान बनाउन तथा पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले सडक खाना महोत्सव आयोजना गरिएको होटेल तथा रेस्टुरेन्ट व्यवसायी संगठन, रुपन्देहीका निवर्तमान अध्यक्ष तथा 'सिद्धार्थ सडक खाना महोत्सव-२०८०' का संयोजक पीताम्बर न्यौपानेले बताए। 'सडक खाना महोत्सवमा विभिन्न स्थानीय खानाको परिकारसँगै तारे होटेलसम्मका स्वाद सडकमा रहेको ६० वटा बढी स्टलबाट लिन सकिने व्यवस्था मिलाएका छौं,' संयोजक न्यौपानेले भने।



यसअगाडिका वर्षहरूमा बेलहिया-बुटवल ६ लेन सडक खण्डअन्तर्गत देवकोटाचोकदेखि बसपार्क क्षेत्रसम्म सडक खाना महोत्सव आयोजना हुँदै आए पनि यसपटक सिद्धार्थ क्रिकेट रंगशालासँगै जोडिएको सडकमा महोत्सव आयोजना हुने संयोजक न्यौपानेले बताए। कार्यक्रमलाई प्रभावकारी बनाउन र ट्राफिक व्यवस्थापनलाई पनि सहज बनाउन यसपटक स्थान परिवर्तन गरिएको उनले बताए।

आज साँझ ६ बजेबाट सुरु हुने सडक खाना महोत्सवमा सांस्कृतिक कार्यक्रमअन्तर्गत, नृत्य, डिजेलगायत रहेको महोत्सवका सहआयोजक मदिरा व्यवसायी संघका अध्यक्ष केशव ज्ञवालीले बताए। विगतका वर्षहरूको अनुभवका आधारमा १० हजारभन्दा बढीको सहभागिता रहने आयोजकले अनुमान गरेको छ।

खाना महोत्सवमा २०८० सिद्धार्थनगर नगरपालिका र मदिरा व्यवसायी संघ, भैरहवा रुपन्देही सहआयोजक रहेका छन्। त्यसैगरी, प्रायोजकमा गोर्खा ब्रुअरी इन्डस्ट्रिज प्रालि, सहप्रायोजकमा जावलाखेल इन्डस्ट्रिज प्रालि, प्रवर्द्धकमा उद्योग, पर्यटन तथा यातायात मन्त्रालय-पर्यटन विकास परिषद् लुम्बिनी प्रदेश, नेपाल पर्यटन बोर्ड भृकुटीमण्डप, काठमाडौं, पर्यटन डिभिजन कार्यालय, भैरहवा, रुपन्देही रहेका छन्।

त्यसैगरी, संरक्षक संस्थामा उद्योग व्यापार संगठन रुपन्देही, होटेल व्यवसायी महासंघ, नेपाल, होटेल व्यवसायी महासंघ, लुम्बिनी प्रदेश, सल्लाहकार संस्थामा सिद्धार्थ उद्योग वाणिज्य संघ, भैरहवा रुपन्देही, सिद्धार्थ सञ्जाल, रुपन्देही रहेका छन्। त्यसैगरी, सहयोगी संस्थाहरूमा नाटा लुम्बिनी प्रदेश, सिद्धार्थ होटेल एसोसिएसन (सान), लुम्बिनी होटेल संघ, रुपन्देही , लुम्बिनी प्रेस क्लब, भैरहवा , सोट्टो नेपाल रुपन्देही, लुम्बिनी मनि चेन्जर संघ रुपन्देही, सिद्धार्थ सार्वजनिक यातायात प्रालि रुपन्देही, सिद्धार्थ यातायात प्रालि रुपन्देही, आस्था महिला उद्यमी संघ, भैरहवा, डिपी स्टुडियो र युनिक साउन्ड सिस्टम रहेका छन्।

पर्यटन क्षेत्रबाट बढी कर तिर्ने मनकामना दर्शन प्रालि सम्मानित

काठमाडौं/ केबलकार सञ्चालक कम्पनी मनकामना दर्शन प्रालि सम्मानित भएको छ। आर्थिक वर्ष ०७८/७९ मा पर्यटन क्षेत्रबाट सबैभन्दा बढी कर तिर्ने कम्पनीका रूपमा सो कम्पनी सम्मानित भएको छ।

नेपाल उद्योग वाणिज्य महासंघको ५८औं वार्षिक साधारणसभा तथा उद्योग वाणिज्य दिवस ०८० को अवसरमा मनकामना दर्शन प्रालि सम्मानित भएको हो। प्रधानमन्त्रीले कम्पनीकी सेल्स तथा मार्केटिङ डाइरेक्टर यशु श्रेष्ठलाई कदरपत्रसहित सम्मान गरेका हुन्। गत वर्ष पनि सोही विधामा सबैभन्दा बढी कर तिर्ने कम्पनीका रूपमा सम्मानित यस कम्पनीले २५ वर्षदेखि चितवनको कुरिनटारदेखि गोरखाको मनकामना मन्दिरसम्म केबलकार सेवा सञ्चालन गरिरहेको छ।

कुमारी बैंकको क्यासब्याक अफर

काठमाडौं/ कुमारी बैंक लिमिटेडले नयाँ वर्ष ०८१ को उपलक्ष्यमा विशेष क्यासब्याक अफर घोषणा गरेको छ। यस योजनाअन्तर्गत पिओएस भुक्तानी र अनलाइन कारोबारका लागि कुमारी बैंकको डेबिट वा क्रेडिट कार्ड प्रयोगकर्ताले २,०८१ रुपैयाँ वा कारोबार रकमको २५ प्रतिशत रकम फिर्ता पाउनेछन्। साथै, क्युआर भुक्तानीमार्फत कारोबार गर्ने मोबाइल बैंकिङ प्रयोगकर्ताले पनि यो आकर्षक क्यासब्याक अफरको फाइदा उठाउन सक्नेछन्।

यो योजना १ वैशाख बिहान ८ बजेदेखि राति १२ बजेसम्म लागू हुने बैंकले जनाएको छ। त्यस्तै, तोकिएको समयावधिभित्र कारोबार गर्ने पहिलो ४० जना कार्ड प्रयोगकर्ता र पहिलो ४० जना मोबाइल बैंकिङ प्रयोगकर्ताले क्यासब्याक प्राप्त गर्न सक्नेछन्।

रावा बैंकका सिइओ श्रेष्ठको बिदाइ, खनाललाई कामुको जिम्मेवारी



काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सिइओ) किरणकुमार श्रेष्ठ सेवानिवृत्त भएका छन्। श्रेष्ठ आफ्नो आठवर्षे कार्यकाल पूरा गरी २८ चैतदेखि सेवाबाट निवृत्त भएका हुन्। उनी २९ चैत ०७२ मा खुला प्रतिस्पर्धाबाट बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा प्रथमपटक नियुक्त भएका थिए। त्यस्तै, २९ चैत ०७६ मा दोस्रो कार्यकालका लागि पुनः नियुक्त भएका थिए।

श्रेष्ठको अवकाशसँगै रिक्त रहेको सिइओमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्रमण खनाललाई कायममुकायमको जिम्मेवारी तोकिएको बैंकले जनाएको छ।

बैंक व्यवस्थापनले एक कार्यक्रम राखी सिइओ श्रेष्ठलाई बिदाइ गरेको छ। प्रतिस्पर्धी बैंकिङ बजारमा बैंकलाई सबल बैंकका रूपमा उभ्याउन श्रेष्ठले गरेको योगदानको चर्चा गरिएको थियो। त्यस्तै, श्रेष्ठले आठ वर्षको अवधिमा आफूले पाएको साथ र सहयोगप्रति सम्पूर्ण सरोकारवालाप्रति धन्यवाद ज्ञापन गरे।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, कोटेश्वरको

आयकर ऐन,२०५८(सं.स.) को दफा १०१(६) बमोजिमको संशोधित कर निर्धारणको सूचना, मूल्य अभिवृद्धि कर ऐन,२०५२ (सं.स.) को दफा २०(१) तथा मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(१) बमोजिमको प्रारम्भिक कर निर्धारण आदेश जारी गरिएको बारेमा अत्यन्त जरुरी सूचना।

प्रकाशित मितिः २०८०/१२/३०

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका तपसिलमा उल्लेखित करदाताहरुको विभिन्न आ.व.को छानविन/अनुसन्धान गर्ने सिलसिलामा आयकर ऐन,२०५८ को दफा ८३(१),मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा २३(२) बमोजिम १५(पन्ध्र) दिन भित्र कागजात पेश गर्न विभिन्न मितिमा पत्र जारी गरिएको र सोको सूचना राष्ट्रिय स्तरको पत्रिकामा समेत प्रकाशन गरी आय विवरण र सोसंग सम्बन्धित कागजात तथा प्रमाणहरु यस कार्यालयमा पेश गर्न जानकारी गराइएकोमा तोकिएको म्याद भित्र माग गरिएका कागजात तथा प्रमाण पेश हुन नआएकोले कार्यालयमा उपलब्ध तथ्याङ्क,कागजात तथा प्रमाणको आधारमा आयकर निर्धारण गर्ने प्रयोजनको लागि आयकर ऐन,२०५८ (सं.स.) को दफा १०१(६),मूल्य अभिवृद्धि कर निर्धारण गर्ने प्रयोजनको लागि मूल्य अभिवृद्धि कर ऐन,२०५२ (सं.स.) को दफा २०(१)तथा मूल्य अभिवृद्धि नियमावली २०५३ को नियम २९(१) बमोजिमको प्रारम्भिक कर निर्धारण आदेश जारी भै हुलाकबाट रजिष्ट्री गरी व्यवसाय दर्ताको ठेगाना र संचालक/प्रोपाइटरको घर ठेगानामा समेत पठाई सकिएको छ। उक्त रजिष्ट्री पत्र प्राप्त नभएको अवस्थामा समेत यसै सूचनालाई आधार मानी कर निर्धारण हुनु नपर्ने कुनै ठोस सबुद प्रमाण भए यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। अन्यथा कानून बमोजिम अन्तिम कर निर्धारण भई जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

सि.न.	फर्मको नाम	स्थायी लेखा नं.	फर्मको ठेगाना	प्रोपाइटर/संचालकको नाम	आ.ब.
१.	लर्ड बुद्ध इन्टरनेशनल कन्स्ट्रक्सन प्रा.लि.	६०१८८१३१४	का.म.पा.-३२, कोटेश्वर, काठमाडौं	मिम सिं लामा	२०७३/०७४, २०७४/०७५
२.	श्री शक्ति ट्रेडिङ्ग इन्टरनेशनल	३०४४२३३६५	का.म.पा.-३२,काठमाडौं	रामपाल प्रसाद शर्मा	२०७२/०७३, २०७३/०७४, २०७४/०७५
३.	श्री जय गुरु सप्लायर्स	६००९९२३७८	का.म.पा.-३२, सुविधानगर, काठमाडौं	पुनम थपलिया	२०७६/०७७, २०७७/०७८
४.	कन्काई ट्रेडर्स एण्ड सप्लायर्स	६००६२४३८७	का.म.पा.-३२,काठमाडौं	हर्क बहादुर प्रधान	२०७१/०७२, २०७३/०७४
५.	मिलिजुली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	६०३५१८८७४	का.म.पा.-३२,पेप्सीकोला,काठमाडौं	राजेश श्रेष्ठ	२०७३/०७४
६.	टि.पि.टी.निर्माण सेवा	३००१६९५२८	का.म.पा.-३२, नरेफाँट, काठमाडौं	टलक बहादुर तामाङ्ग	२०७४/०७५
७.	यस फाईभ प्रिन्टर्स	६०४०९७७४१	का.म.पा.-३२,काठमाडौं	सुशिला गौतम	२०७५/०७६
८.	अरुण बरुण सर्भिसेज प्रा.लि.	३००८४६३५७	का.म.न.पा.३२, सिनामंगल, काठमाण्डौं	सुमन लाल कर्ण	२०६९/०७०, २०७०/०७१, २०७१/०७२, २०७२/०७३, २०७३/०७४
९.	वासुकी रुपशिखा ट्रेडर्स जे.भी.	६००९३२०५५	का.म.ना.३२, कोटेश्वर काठमाण्डौं ।	खिल बहादुर के.सी.	२०७०/०७१, २०७१/०७२
१०.	राजापानी सप्लायर्स प्रा.लि.	६००३२८१८४	का.म.ना.३२, कोटेश्वर काठमाण्डौं ।	कुमार बहादुर कार्की	२०७०/०७१
११.	प्रेरा/सुनकोशी जे.भी.	६००९९५१७१	का.म.ना.३२, कोटेश्वर काठमाण्डौं ।	नारायण प्रसाद भट्टराई	२०७०/०७१
१२.	न्यू पशुपति जनरल अडर सप्लायर्स	६००३२८७२४	का.म.न.पा.३२, पेप्सीकोला, काठमाडौं	सुमित्र प्रसाई (सिवाकोटी)	२०७२/०७३
१३.	कोटदरवार इन्जिनियरिङ्ग कन्सल्टेन्सी	६०३८२४६५२	कागेश्वरी मनहरा ८, किरातचोक, काठमाण्डौं	सरोज श्रेष्ठ	२०७५/०७६
१४.	देउती मोटर पार्टस	६०२२१७०६२	का.म.पा.-३२,गैरीगाउ,काठमाडौं.	सुनिल कुमार महत	२०७२/०७३, २०७३/०७४
१५.	सुमेक्सी जनरल ओभरटेक विजनेश	३०२६९५४४९	का.म.पा.-३२,कोटेश्वर,काठमाडौं	सुमन चौलागाई	२०७२/०७३ २०७४/०७५
१६.	आयान कन्स्ट्रक्सन	६०१९७४२०७	का.म.पा.-३२, काठमाडौं	मोहम्मद नजरुल	२०७४/०७५

INTERNATIONAL RATES

Following rates on lending and deposit products shall be applicable from **13th April 2024 (1 Baisakh 2081)**

LCY DEPOSITS		Interest Rates (% p.a.)
A.	**Savings Deposit:**	
	Nabil General Savings Account	3.500
	Nabil Premium Nari Bachat Khata	3.500
	Nabil Corporate Staff Savings Account	3.500
	Nabil Bachat Yojana	3.500
	Nabil Jestha Bachat Khata	3.500
	Nabil Bal Bachat Khata	3.500
	Nabil Karmashil Bachat Khata	3.500
	Nabil Social Security Savings Account	3.500
	Nabil Gen N Account	3.500
	Nabil Sahuliyat Khata	3.500
	Corporate General Savings	3.500
	Nabil Gen Alpha Account	3.500
	Nabil Gaurav Bachat Khata	3.500
	Nabil Shareholders Savings Account	4.000
	Nabil Premium Payroll Savings Account	4.000
	Corporate Premium Savings	4.500
	Nabil Gold Savings Account	5.500
	Corporate Super Savings	5.500
	Nabil Gold Payroll Savings	5.500
	Nabil Dhukka Bachat Khata	5.500
	Nabil Premium Remittance Savings Account	6.500
B.	**Fixed Deposit:**	
	Individual	**Normal / Remittance**
	3 months to 1 year	6.250 / 7.250
	Above 1 year	7.250 / 8.250
	- Cumulative Fixed Deposit (1 Year)	6.250
	Institutional	
	6 months to 2 years	5.250
	Above 2 to 5 years	5.750
	Above 5 years	6.250
	Nabil Akshaya Kosh Muddati	**Negotiable**
C.	**Call Deposit:**	upto 1.75

FCY DEPOSIT

Currency	Saving Interest Rate (% p.a.)			Fixed Deposit (3 months and above for Individual and 6 months and above for Institutions) Interest Rate (% p.a.)	Call Interest Rate (% p.a.)
	USD Saving	Nabil USD Special Savings A/c	Nabil USD Elite Savings A/c		
USD	1.50%	1.75%	3%	4.00%	upto 0.75%
GBP	0.50%			2%	upto 0.25%
EUR	0.25%			0.50%	upto 0.12%
JPY	0.10%			0.50%	upto 0.05%
AUD	0.10%			0.50%	upto 0.05%
NRN Fixed Deposit (Minimum Balance USD 1,000.00 or equivalent & minimum Tenor 1 year)					
-USD					5.00
-GBP					3.00
-AUD					3.00

LCY LOANS		Premium over base rate (% p.a.)	
A.	**Business Loan**		
	1. Directed Sector	**Prime**	**Standard**
	Energy	0.50-2.50	1.50-3.50
	Loans to the specified sector as per NRB Directive (up to NPR 20 million)	1.00-2.00	
	Agriculture (except specified sector as per NRB Directive)	1.00-3.00	2.00-4.00
	SME loan up to NPR 10 Million (except specified sector as per NRB Directives)	1.50-3.00	2.00-3.50
	2. Deprived Sector		
	Institutional Deprived Sector (MF- DSL)	0.00-2.00	
	Direct Deprived Sector Lending (DDSL)	1.00-2.00	
	Loan to Specified Sector as per NRB directives	1.00-2.00	
	DDSL Auto Loan	1.50-3.00	2.00-3.50
	Low Cost Housing	1.50-3.00	2.00-3.50
	Other DDSL Products	1.50-3.00	2.00-3.50
	3. Interest Subsidized Loan as per NRB	1.00-2.00	
	4. Export Finance		
	a. Corporate	1.00-3.00	2.00-4.00
	b. SME	1.00-3.00	1.50-3.00
	5. Term Loan		
	a. Corporate	1.25-3.25	2.00-4.00
	b. SME	1.75-3.50	2.00-4.00
	c. Contractor Business	1.50-3.50	2.00-4.00
	6. Working Capital Loans		
	I. Cash Credit/Demand Loan/ Overdraft		
	a. Corporate	1.00-3.00	2.00-4.00
	b. SME	1.50-3.50	2.00-4.00
	c. Contractor Business	1.75-3.75	2.50-4.00
	II. TR/Import Loans		
	a. Corporate	1.00-3.00	2.00-4.00
	b. SME	1.50-3.50	2.00-4.00
	c. Contractor Business	1.75-3.75	2.50-4.00
	III. Working Capital Term Loan		
	a. Corporate	1.25-3.25	2.00-4.00
	b. SME	1.75-3.50	2.00-4.00
	c. Contractor Business	2.00-4.00	2.50-4.00
	IV. Short Term Loan (STL)		
	a. Corporate	1.00-3.00	2.00-4.00
	b. SME	1.50-3.50	2.00-4.00
	c. Contractor Business	1.75-3.75	2.50-4.00
	V. Structured Short Term Loan/ Time Loan		
	a. Corporate	0.25-2.25	2.00-4.00
	b. SME	1.50-3.50	2.00-4.00
	c. Contractor Business	1.75-3.75	2.50-4.00
	7. Bills Purchase/Documentary Negotiation	1.50-3.50	2.00-4.00
	8. Institutional Auto Loan	1.50-3.50	2.50-4.00
	9. Equity Mortgage Loan	1.50-3.50	2.50-4.00
	10. Channel Financing	1.50-3.50	1.75-3.50
	11. Nabil Sakchhyam Karja	1.50-3.50	1.75-3.50
	12. Nabil Nari Karja	1.50-3.50	1.75-3.50
	13. Nabil Sajilo Karja	1.50-3.50	1.75-3.50
	14. Nabil Sajilo Express Karja	1.50-3.50	1.75-3.50
	15. Nabil Kishan Karja	0.00-2.00	0.00-2.00
	16. Nabil Udhyamshil Karja	1.50-3.50	1.75-3.50
	17. # Fixed rate Business Term Loans other than Auto Loan		
	Up to 5 Years	12.00%	12.25%
	Above 5 to 10 Years	12.25%	12.50%
	Above 10 Years	12.50%	12.75%
	18. # Fixed rate Business Term Loans For Vehicle Financing		
	Up to 5 Years	9.99%	9.99%
	Above 5 to 7 Years	10.49%	10.49%

B.	RETAIL LOAN	
	1. Housing	
	Housing loan(Personal Residential Home Loan)	**1.50-3.00**
	Housing loan(Registered Mortgage)	**2.00-4.00**
	2. Mortgage loan	
	Upto NPR 20 million	**2.00-4.00**
	Above NPR 20 million	**2.50-4.00**
	3. Auto	
	i. Private	2.00-4.00
	ii. Commercial	3.00-4.00
	iii. Tractor	3.00-4.00
	iv. Electric Vehicle	
	a. Private	1.00-3.00
	b. Commercial	3.00-4.00
	4. Education	**2.00-4.00**
	5. Personal Overdraft	**3.00-4.00**
	6. Corporate Employee Loan	**0.00-2.00**
	7. Nabil Personal Loan/OD for Employee	**3.50-4.00**
	8. Gold Loan	**3.00-4.00**
	9. Nabil Fone Loan	**4.5**
	10. # Fixed Rate Education loan	**11.99%**
	11. # Fixed rate Retail Loan Products	

B.	RETAIL LOAN	
	a) Up to 5 years	
	Mortgage Loan upto NPR 20 million	**9.99%**
	Mortgage Loan above NPR 20 million	**10.99%**
	Other Retail loans	**11.99%**
	Auto Loans	**9.99%**
	b) Above 5 years to 7 years	
	Auto	**10.49%**
	c) Above 5 years to 10 years	
	Mortgage Loan upto NPR 20 million	**10.49%**
	Mortgage Loan above NPR 20 million	**11.49%**
	d) Above 10 years to 15 years	
	Mortgage Loan upto NPR 20 million	**10.99%**
	Mortgage Loan above NPR 20 million	**11.99%**
	e) Nabil Dhukka Ghar Karja(Personal Residential Home Loan)	
	i. Fixed for 7 years	**8.99%**
	ii. Fixed for 10 years	**9.49%**
	f) Nabil Dhukka Ghar Karja(Registered Mortgage)	
	i. Fixed for 7 years	**10.49%**
	ii. Fixed for 10 years	**11.49%**

C.	Loan Against	
	1. Fixed Deposit (Nabil Bank)*	**0.50-2.50**
	2. Fixed Deposit (Other banks)*	**1.00-2.50**
	3. 1st Class Bank Guarantee	**2.00-4.00**
	4. Other Bank's Guarantee	**2.00-4.00**
	5. Govt. Securities	**2.00-4.00**
	6. LCY Loan Against FCY Deposit	**2.00-4.00**
	7. Loan Against Shares	
	Upto 50 Lakh	**1.00-3.00**
	Above 50 Lakh	**2.00-4.00**
	* **Base rate or coupon rate whichever is higher plus premium upto 2.50%.**	
	# Rates are all-in-rates (Base rate plus premium)	
	Average Base Rate applicable for Chaitra 2080 (Last 3 months' average)	**8.61%**
	LCY Interest Spread rate for the month of Falgun 2080	**4.00%**

Notes:
1. The effective applicable loan interest rate shall be automatically revised with effect from the 1st day of every month based on the change in the immediate last three months (Bikram Sambat Calendar) average base rate as published by the Bank periodically.
2. Interest rates on consortium loans shall be as decided by consortium meetings.
3. Penal interest shall be charged at 2% above the agreed/applied premium over base rate on all overdue/expired loans.
4. Interest rate on foreign currency loans shall be determined on deal to deal basis as per market movements subject to applicable NRB guidelines.
5. Interest rates on loans against NRB refinance shall be as per applicable NRB guidelines.
6. For organizations having co-service agreement, institutional FD rate of Above 5 years shall be applied.
7. Call deposit interest rate shall be as per agreement subject to applicable NRB guidelines.
8. Interest rate concession shall be provided to the specified sector under normal Deprived Sector Loan in line with NRB Directive.
9. Bank shall comply applicable NRB circular/regulation while determining interest rate on Loan Products.

NABIL BANK®
Head Office, Nabil Center, Teendhara, Durbarmarg, Kathmandu | Phone No. 4227181

शुक्रबार ३० चैत ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

महावीरको दोस्रो बराबरी



नयाँ पत्रिका

महावीर क्लब सहिद स्मारक 'सी' डिभिजन लिगमा लगातार दोस्रो खेलमा रोकिएको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा बिहीबार भएको लिगको नवौँ खेलमा महावीर खालीबारी युवा क्लबसँग गोलरहित बराबरीमा रोकिएको हो । खेलभर आक्रामक बनेको महावीर फिनिसिङमा चुकेको थियो । खालीबारीका गोलकिपर मनोज तामाङले सानदार प्रदर्शन गरेपछि महावीर अंक बाट्न बाध्य भयो । रोमन तामाङको कप्तानीमा रहेको महावीर पहिलो खेलमा रानीवन स्पोर्टस् क्लबसँग १-१ को बराबरीमा रोकिएको थियो । लगातार दोस्रो बराबरीपछि महावीरले २ अंक जोडेको छ । खालीबारीले भने दोस्रो खेलमा आएर १ अंक जोड्यो ।

दिनको दोस्रो खेलमा पनि सानेपा क्लब र सामाजिक युथ क्लबले १-१ को बराबरी खेल्दै अंक बाँडेका छन् । सानेपाका लागि सम्भान्तसिंह डंगोल तथा सामाजिकका लागि युगेश श्रेष्ठले गोल गरेका हुन् । यस खेलपछि दुवै टोलीले समान दुई खेलबाट १ अंक जोडेका छन् । खेलको नवौँ मिनेटमै सम्भान्तको गोलमार्फत सानेपाले अग्रता बनायो । पहिलो हाफको अन्तिम मिनेटमा युगेशले गोल गर्दै खेल बराबरीमा ल्याएका हुन् । पहिलो खेलमा सानेपा बागमती युथ क्लबसँग ३-१ तथा सामाजिक पुल्चोक स्पोर्टस् क्लबसँग ३-० ले पराजित भएका हुन् ।

भारोत्तलनमा सागरले बनाए तीन कीर्तिमान

नयाँ पत्रिका

राष्ट्रिय भारोत्तोलन खेलाडी सागर भण्डारीले तीन राष्ट्रिय कीर्तिमान बनाएका छन् । महेन्द्रनगरका सागरले बुधबार थाइल्यान्डमा आयोजना भएको अन्तर्राष्ट्रिय भारोत्तोलन महासंघ (आइडब्लुएफ) २०२४ मा तीन कीर्तिमान बनाएका हुन् । उनले समग्रमा ३०६ केजी उचाल्दै कीर्तिमान बनाएको प्रशिक्षक जीवन गौतमले नयाँ पत्रिकालाई बताए । 'सागर राम्रो प्रदर्शन गर्न सफल भए । अझै राम्रो हुन सक्थ्यो । स्नाचमा अलिकति गल्ती भयो,' थाइल्यान्डबाट प्रशिक्षक गौतमले भने । सागरले स्नाचमा १३४ केजी, क्लिन एन्ड जर्कमा १७२ केजी र कुलमा ३०६ केजी भार उचालेका हुन् । यसअघि एसियाडमा स्नाचमा १३३ केजी भारवहन गरेका थिए । यसअघि सागरले १९औँ एसियाडमा स्नाचमा १३३, उज्वेकिस्तानमा आयोजना भएको एसियन च्याम्पियनसिपको क्लिन एन्ड जर्कमा १७१ र कुलतर्फ चीनमै ३०३ केजी बहन गर्दै कीर्तिमान बनाएका थिए ।

सोही कीर्तिमान थाइल्यान्डमा तोडेका गरेका हुन् । कीर्तिमान बनाएपछि सागर खुसी देखिए । 'कीर्तिमान रच्न सफल भएको छु । समग्रमा तीन केजी बढी उचाल्दा खुसी छु,' सागरले भने, 'ओलम्पिकका लागि वाइल्ड कार्ड पाउनेमा आशावादी छु ।'

यसै खेललाई ओलम्पिक छनोटको माध्यम बनाइएको थियो । नेपाली भारोत्तोलन खेलाडीले सीधै छनोट भएर हालसम्म ओलम्पिक खेलेका छैनन् । सागर पनि वाइल्ड कार्डमार्फत ओलम्पिक खेल्न पाउनेमा आशावादी छन् । ओलम्पिक छनोटकै लागि यसअघि सागरले तीन चरण पार गरेका थिए । यसअघि दक्षिण कोरिया, साउदी अरेबिया र कतारमा प्रदर्शन गरेका थिए । नेपाली भारोत्तोलन इतिहासमा तीन सय केजी उचाल्ने दुई खेलाडी मात्रै रहेका छन् । सागरसँगै विशाल विष्टले तीन सय केजी उचालेका हुन् । दुवै खेलाडी महेन्द्रनगरका हुन् ।



कीर्तिमान बनाउँदा खुसी

कीर्तिमान रच्न सफल भएँ । तीन केजी बढी उचालेको हो । समग्रमा राम्रो भयो । खुसी छु । यो ओलम्पिक छनोटको अन्तिम माध्यम हो । कीर्तिमानसहित नतिजा आउँदा छनोट हुनेमा आशावादी छु । वाइल्ड कार्डको पर्खाइमा छु । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)ले चाँडै जानकारी गराउला ।

थाइल्यान्डमा भएको आइडब्लुएफ- २०२४ मा सागरले स्नाचतर्फ १३४ केजी, क्लिन एन्ड जर्कतर्फ १७२ केजी र कुलमा ३०६ केजी भारवहन गर्दै आफ्नै नाममा रहेको कीर्तिमान भंग गरे

वाइल्ड कार्ड पाउनेमा आशावादी छौं

जीवन गौतम, प्रशिक्षक, भारोत्तोलन



सागरले राम्रो गरेको छ । सुरुबाटै राम्रो खेलाडी हो । अझ राम्रो हुन सक्थ्यो । स्नाचमा सोचेजस्तो हुन सकेन । यतिको प्रदर्शन गर्नु भनेको राम्रो हो । सामान्य तयारी र डाइटका भरमा उत्कृष्ट प्रदर्शन आएको छ । ओलम्पिकमा सीधै छनोट हुन गाह्रो छ । भारोत्तोलनमा अहिलेसम्म सीधै छनोट हुन सकेको छैन । आइओसीबाट वाइल्ड कार्ड पाउँछ कि पाउँदैन भन्ने छ । आशा गरौं, वाइल्ड कार्ड आउनेछ ।


सद्भावको अग्रता कायमै

नयाँ पत्रिका

नेपाल गल्फ संघद्वारा आयोजित फाल्डो जुनियर टुर नेपाल च्याम्पियनसिपको दोस्रो दिन सद्भाव आचार्य, सिद्धान्त सापकोटा र आइन्स्टना टण्डन आ-आफ्नो उमेर समूहमा शीर्षस्थानमा रहेका छन् । रोयल नेपाल गल्फ क्लबमा भएको च्याम्पियनसिपअन्तर्गत पुरुष १७ देखि २१ वर्ष उमेर समूहमा राष्ट्रिय टिमका सदस्य सद्भावले ५ अन्डर ओभर ७३ को स्कोर गरेका छन् । ३६ होलको समाप्तिमा सद्भावले संसार विकेलाई १७ स्ट्रोकको फराकिलो अन्तरमा पछि पारेका हुन् । यो स्कोरमा सद्भावले उपाधि जित्दै फाल्डो सिरिज एसिया फाइनलमा छनोट हुने सम्भावना बलियो बनाएका छन् ।

पहिलो दिनको तुलनामा सद्भावले बिहीबार कमजोर प्रदर्शन गरेका हुन् । पहिलो होलमा नै उनले डबल बोगीको सामना गरे । चौथो होलमा एक सट बचाए भने सार्तौं होलको बोगीले फ्रन्ट नाइन २ अन्डर ओभर ३६ मा सकाए । दोस्रो स्थानमा रहेका संसारले ९ अन्डर ओभर ७७ मा सकाउँदा समग्रमा १७ अन्डर ओभर १५३ को स्कोर बनाए । स्वप्नील भट्टराई तेस्रो स्थानमा छन् । उनले १३ अन्डर ओभर ८१ मा खेल सकाएका हुन् ।

च्याम्पियनसिपको पुरुष १२ देखि १६ वर्ष उमेर समूहमा



सिद्धान्त सापकोटा समग्रमा २२ अन्डर ओभर १५९ सहित शीर्षस्थानमा उक्लिएका छन् ।

महिलातर्फ आइन्स्टना टण्डन समग्रमा ३३ अन्डर ओभर १ सय ७५ सहित शीर्षस्थानमा उक्लिएकी छिन । उनले अवानी राईलाई सात स्ट्रोकले पछि पारिन । आइन्स्टनाले १४ अन्डर ओभर ८२ को स्कोर कार्ड तयार पारिन । समग्रमा ४६ अन्डर ओभर १ सय ८२ सहित अवानी दोस्रो स्थानमा झरिन । ५४ होलको तीन दिने प्रतियोगितामा पुरुषतर्फ २७ र चार महिलागरी कुल ३१ खेलाडीको सहभागिता रहेको छ। तीन विधाका विजेता खेलाडीहरूले फाल्डो सिरिज एसिया फाइनल खेल्न पाउनेछन् ।

रोशन र त्रिशा उत्कृष्ट खेलाडी

बिर्तामोड/ पाँचौं झापा स्पोर्टस् अवार्डको वर्ष उत्कृष्ट खेलाडीमा पुरुषतर्फ आइटिएफ तेक्वान्दोका रोशन मगर र महिलामा बक्सिङकी त्रिशा जवेगू भए छन् । बिहीबार नेपाल खेलकुद पत्रकार मञ्च जिल्ला समन्वय शाखा झापाले आयोजना गरेको अवार्ड विजेता दुवैले एक लाख प्राप्त गरेका छन् । उनीहरूलाई ०७९ मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा गरेको प्रदर्शनका आधारमा उत्कृष्ट खेलाडी घोषित गरिएको हो । त्यस्तै, लाइफटाइम अचिभमेन्ट अवार्डबाट ओलम्पियन मेनुका राउतलाई सम्मान गरिएको छ । उनीले ५० हजार प्राप्त गरिन् । उत्कृष्ट खेल पत्रकारिता पुरस्कारबाट रमेश समदर्शीलाई सम्मान गरिएको छ । स्पेसल अचिभमेन्ट अवार्डबाट फिफा रेफ्री श्याम दनुवारलाई सम्मान गरिएको छ ।

०७९ मा प्रदर्शन गरेका आधारमा वर्ष उत्कृष्ट युवा खेलाडीमा पौडीका प्रारम्भ भण्डारी, पिपुल्स च्वाइस अवार्डबाट क्रिकेटकी रुविना क्षेत्री र वर्ष उत्कृष्ट प्रशिक्षकमा बक्सिङका डम्बर लिम्बू घोषित भए । उनीहरूले जनही २५ हजार पाएका छन् । ०७३ बाट सुरु भएको झापा स्पोर्टस् अवार्डको यो पाँचौं संस्करण हो । यसपटक खेलकुद पत्रकार मञ्च झापाले ०७९ मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रदर्शन गर्ने झापाली खेलाडी तथा खेल प्रतिभालाई सम्मान गरेको हो । आगामी वर्ष पनि अवार्डलाई निरन्तरता दिने मञ्चका अध्यक्ष इन्द्रजित मुखियाले जानकारी दिए ।

कार्यक्रम प्रदेश खेलकुद विकास बोर्डका सदस्यसचिव हंशराज वाग्ले, सदस्य मदन खड्का, अर्जुनधारा नगरपालिका उपप्रमुख खड्गमाया पराजुली, नेपाल खेलकुद पत्रकार मञ्चका केन्द्रीय अध्यक्ष दुर्गानाथ सुवेदी, झापा ११ एफसीका अध्यक्ष जलकुमार गुरुङ लगायत उद्योगी व्यवसायीले विजेतालाई पुरस्कार प्रदान गरेका थिए ।

बागमती प्रदेश शीर्ष स्थानमा

भरतपुरमा **विवेक पोखेल**

प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत महिला क्रिकेटसँगै, ब्याडमिन्टन, कराँते, एथलेटिक्स, पौडी, तेक्वान्दो र बक्सिङका खेलहरू सकिएका छन् । टिम गेमअन्तर्गत फुटबल, भलिबल र पुरुष क्रिकेटको छिनोफानो हुन बाँकी रहेको छ । बिहीबारसम्मको खेल सकिँदा ६० स्वर्ण ४२ रजत, ३६ कांस्यसहित कुल एक सय ३८ पदक जितेर बागमती प्रदेश पदक तालिकाको शीर्ष स्थानमा रहेको छ । सुदूरपश्चिम प्रदेश २१ स्वर्ण, २० रजत, २८ कांस्यसहित ६९ पदक तिजेर दोस्रो स्थानमा छ । कोशी प्रदेश १४ स्वर्ण, २२ रजत, ३६ कांस्य गरी कुल ७२ पदकसहित तेस्रो र लुम्बिनीले ११ स्वर्ण, १६ रजत, २८ कांस्य जितेर चौथो स्थानमा छन् । गण्डकी पाँचौं, कर्णाली छैटौं र मधेश अन्तिम स्थानमा छन् ।

यसैगरी, बक्सिङ बागमती प्रदेश पदकमा सबैभन्दा अगाडि छ । बागमती प्रदेशले ९ स्वर्ण, ६ रजत, ६ कांस्यसहित २१ पदक प्राप्त गरेको छ । गण्डकी प्रदेशले ५ स्वर्ण, ३ रजत, ६ कांस्यसहित १४ पदक प्राप्त गरेको छ ।

त्यस्तै, महिला फुटबल हावाहुरीका कारण अवरुद्ध हुँदा पुरुष फुटबलमा उपाधिका लागि कोशी र बागमती भिड्ने भएका छन् । भरतपुरको शारदानगर खेल मैदानमा हावाहुरीका कारण महिला फुटबलको अन्तिम सेमिफाइनल अवरुद्ध भएको हो ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com